का.जि.प्र.का.द.नं. १००/०५९/६०
२२ पुस २०८०,
आइतबार
7 January 2024,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३३३ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

# सस्तो भयो गोली !

स्वास्थ्य केन्द्र स्तरोन्नति र रोजगारीको माग राख्दा मात्रै नेपालीको ज्यान गएन, नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने विषयलाई लिएर भएको सामान्य विवादमा समेत गोली चल्दा नागरिकको ज्यान गएको छ ।

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

पछिल्लो एक महिनामा चार नेपालीको प्रहरीको गोली लागेर ज्यान गएको छ । शुक्रबार सर्लाहीको बरहथवा नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्रको स्तरोन्नतिको विषयलाई लिएर भएको झडपमा एक जनाको मृत्यु भयो ।

उक्त घटनामा एक जनाको मृत्यु भएपछि छानबिनका लागि गृह मन्त्रालयले समिति बनाएको छ। सरकारले पनि पीडित परिवारलाई १० लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय भएको छ । पछिल्लो एक महिना भएको अपत्यारिलो र ज्यान नै जाने घटना भएको सुरक्षाविद्हरु बताउँछन् ।

यसअघि, पुस १३ ललितपुरको बालकुमारीमा प्रहरीको गोली लागेर दुई जना युवकको मृत्यु भएको थियो। कोरिया जानका लागि रोजगार अनुमति प्रणाली (इपीएस) परीक्षा दिन पाउनुपर्ने माग राख्दै भएको प्रदर्शनमा प्रहरीले गोली चलाएको थियो । गोली लागेर घाइते भएका दुवै युवाको ज्यान गयो ।

यो घटनाका सम्बन्धमा पनि गृहमन्त्रालयले छानबिन समिति बनाएको थियो भने मृतकका परिवारलाई दश लाख दिने निर्णय गरेको छ । सरकारले उच्च स्तरीय छानबिन समिति पनि बनाएको छ ।


शुक्रबार सर्लाहीको बरहथवामा सामुदायिक अस्पतालको स्तरोन्नतिको माग राख्दै भएको प्रदर्शन । उक्त प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर एक जनाको मृत्यु भएको थियो ।

गत मंसिर २७ गते मात्रै बाराको सिम्रौनगढ नगरपालिकामा नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने विषयलाई लिएर भएको विवादले उग्ररूप लिँदा असन्तुष्ट पक्ष र प्रहरीबीच झडप भएको थियो । झडपका क्रममा प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु भयो ।

सुरक्षाविदहरुका अनुसार यी तीन वटै घटना गोली नै चलाउन नपर्ने प्रकृतिका हुन्। स्वास्थ्य केन्द्र स्तरोन्नती, रोजगारीको माग राख्दा मात्रै नेपालीको ज्यान गएको छैन, नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर गराउने विषयलाई लिएर भएको विवादमा समेत गोली चल्ने र ज्यान गुमाउने अवस्था बन्नु चिन्ताजनक भएको सुरक्षाविद्हरु बताउँछन् ।

नेपाल प्रहरीका पूर्व डिआइजी हेमन्त मल्ल विरोध प्रदर्शनका क्रममा हुने भीड नियन्त्रणका लागि सरकारी सेवा प्रदायक निकायबाट सहज सेवा दिनुपर्ने बताउँछन् । प्रहरीलाई भीड नियन्त्रणका लागि पठाउँदा घातक हतियार नदिई गैर घातक सामग्री दिएर पठाउनुपर्ने उनको राय छ । उनी भन्छन्, 'सेवा प्रदायक कार्यालयहरूबाट नागरिकलाई दिने हैरानीका कारणबाट उत्पन्न फ्रस्टेसन पोखिने भनेको प्रदर्शन नै हो । त्यसकारण पहिलो सम्बोधन सरकारी सेवाबाट सहज बनाएर सुधार गर्नुपर्छ, गोली चलाउने होइन ।'



> सेवा प्रदायक कार्यालयहरूबाट नागरिकलाई दिने हैरानीका कारणबाट उत्पन्न फ्रस्टेसन पोखिने भनेको प्रदर्शन नै हो । त्यसकारण पहिलो सम्बोधन सरकारी सेवाबाट सहज बनाएर सुधार गर्नुपर्छ ।
>
> **हेमन्त मल्ल**
> **पूर्वडीआईजी, नेपाल प्रहरी**

राष्ट्रिय सभा चुनाव

# महागठबन्धनको च्याप्टर क्लोज

राष्ट्रिय सभा चुनावका लागि सत्ता गठबन्धन र प्रमुख प्रतिपक्षी नेकपा एमालेबीच भागबण्डाको सम्भावना टरेको छ । भागठबण्डाका लागि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र र एमाले एकै ठाउँमा आउने प्रयास गरेपछि सत्ता गठबन्धनभित्रै असन्तुष्टि बढेको थियो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २१ पुस ।




राष्ट्रिय सभा चुनावमा सत्तागठबन्धन र प्रमुख प्रतिपक्षी नेकपा एमालेसहितको महा गठबन्धनको सम्भावना टरेको छ। विशेषगरी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा एमालेका केपी शर्मा ओलीले राष्ट्रियसभामा भागबण्डा गर्ने तयारी गरेका थिए ।

संक्रमणकालीन न्याय (टीआरसी)मा एमालेलाई फकाउन सत्ताका प्रमुख घटक कांग्रेस र माओवादी राष्ट्रियसभामा रिक्त हुन लागेका १९ सिटमा भागबण्डा गर्न तयार भएका थिए । एक्लै चुनावमा जाँदा कुनै पनि सिट नजित्ने र कालान्तरमा राष्ट्रियसभामा पार्टीको उपस्थिति शून्य हुने देखेका ओली पनि सत्ता गठबन्धनसँग मिलेर जान तयार भएका थिए ।

तर, एमालेलाई भाग दिने विषयमा एकातिर सत्तारुढ गठबन्धनकै अन्य दल असन्तुष्ट बने भने, अर्कातिर भागबण्डामा ठूला दल मिलेको भन्दै आलोचा समेत भयो । यसले राष्ट्रियसभा चुनावमा महागठबन्धन बन्ने स्थितिलाई यो चुनाका लागि भने पर धकेलिदिएको छ ।

एमालेसँग मिलेर जाने सम्भावना अन्त्य भएपछि शनिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकले गठबन्धनभित्रै सिट भागबन्डा गरेर जाने निर्णय गरेको छ । कांग्रेस प्रमुख सचेतक कांग्रेस रमेश लेखकले अब एमालेसँग सहकार्य नहुने बताए । 'अब गठबन्धन बीचमा सिटको बाँडफाँट हुन्छ,' बैठकपछि उनले भने, 'अहिले प्रमुख प्रतिपक्षले पनि १९ सिटमै चुनाव लड्ने निर्णय गरेको अवस्था भएको हुनाले सत्ता गठबन्धनले पनि गठबन्धनबाटै चुनाव लड्छ ।'



> अब गठबन्धनबीच सिटको बाँडफाँट हुन्छ । अहिले प्रमुख प्रतिपक्षले पनि १९ सिटमै चुनाव लड्ने निर्णय गरेको अवस्था भएको हुनाले सत्ता गठबन्धनले पनि गठबन्धनबाटै चुनाव लड्छ ।
>
> **रमेश लेखक**
> **प्रमुख सचेतक, नेपाली कांग्रेस**

सत्ता गठबन्धनसँग सहकार्यको सम्भावना सकिएपछि प्रमुख प्रतिपक्षी एमालेले शुक्रबार नै राष्ट्रियसभाको १९ वटै सिटमा उम्मेदवारी दिने निर्णय गरेको थियो । आगामी माघ ११ गते हुने राष्ट्रियभा चुनावका लागि सोमबार मानोनय गर्ने कार्यतालिका रहेको छ ।

एमालेसँगको सहकार्यको सम्भावना टरेको र मनोनय दर्ताको समय नजिकिएपछि भागबण्डा टुंग्याउन सत्ता गठबन्धन आन्तरिक छलफलमा जुटेको छ । भागबण्डा मिलाउन शनिबार साँझ प्रधानमन्त्री निवास बालुवाटारमा सत्ता घटकका सबै दल छलफलमा बसेका थिए । तर, ठूला पार्टीले बढी सिटमा दाबी गरेका कारण कुनै निष्कर्षमा पुग्न नसकिएको जनमत पार्टीका अध्यक्ष सिके राउतले जानकारी दिए ।

स्रोतका अनुसार सत्ता गठबन्धनका दलहरु नेपाली कांग्रेसले १३, नेकपा माओवादी केन्द्रले ७, जनता समाजवादी पार्टी र एकीकृत समाजवादीले ४-४ सिटमा दाबी गरेका छन् । त्यस्तै सत्ता घटकका अन्य दलहरु जनमत, नागरिक उन्मुक्ति, राष्ट्रिय जनमोर्चा लगायतले पनि सिटमा दाबी गरेका छन् ।

# नियुक्तिमा समावेशिताको प्रश्न

**शिव विक/मध्यान्ह**
काठमाडौं, २१ पुस ।

शनिबार जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर संवैधानिक नियुक्तिहरुबारे सरकारको ध्यानाकर्षण गरेका छन् । प्रधानमन्त्री प्रचण्डलाई भेटेर जनमत पार्टीका अध्यक्ष राउतले उच्च अदालतको न्यायाधीश, राजदूत, संवैधानिक निकायका पदाधिकारीहरूको नियुक्ति असमावेशी रहेको भन्दै ध्यानाकर्षण पत्र बुझाएका हुन् ।

पुस १८ गते न्यायपरिषद्ले विभिन्न जिल्लास्थित उच्च अदालतका लागि ३९ जना न्यायाधीशको नियुक्त सिफारिस गरेको थियो । जिल्ला न्यायाधीशतर्फबाट २६ जना, न्याय सेवा तर्फबाट ४ जना र कानून व्यवसायीतर्फबाट ९ जना गरी ३९ जनालाई उच्च अदालतको न्यायाधीशमा नियुक्त गर्ने निर्णय भएको थियो भने परिषद्ले उच्च अदालतका १६ जना न्यायाधीशको सरुवा सिफारिस गरेको थियो । सिफारिस अनुसार प्रधानन्यायधीशले अनुमोदन गरेपछि न्यायाधिश नियुक्त र पदस्थापना हुने व्यवस्था छ ।



तर त्यसमा समावेशी नभएको जनमत पार्टीको भनाइ छ । आफ्नो बुझाइका साथसाथै नियुक्ति समावेशी हुनुपर्ने माग राखेर जनमत पार्टीले ध्यानाकर्षण गरेको हो । प्रधानमन्त्री संवैधानिक परिषदको अध्यक्ष हुन्छन् ।

प्रधानमन्त्रीको अध्यक्षमा हुने संवैधानिक परिषदमा >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# मागपत्र प्रमाणीकरणमा सहजीकरण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २१ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले विदेशस्थित नेपाली दूतावास तथा महावाणिज्यदूतावासबाट मात्र मागपत्र प्रमाणित हुने व्यवस्था परिवर्तन गरेको छ । मन्त्रालयले गत मंसिर १४ गते स्वीकृत भएको वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधिलाई पुस १७ गते पहिलो संशोधन गर्दै नयाँ व्यवस्था गरेको हो ।

नयाँ व्यवस्थाअनुसार वैदेशिक रोजगारमा कामदार पठाउन लिनुपर्ने पूर्व स्वीकृतिका लागि पेश हुने मागपत्रको आधिकारिकताका सम्बन्धमा सम्बन्धित मुलुक हेर्ने नेपाली कुटनैतिक नियोगको सिफारिस वा ऐनमा तोकिएबमोजिम १५ दिनभित्र प्रमाणीकरण भइ नआएका मागपत्रहरूको आधिकारिकता हेरी श्रम मन्त्रालयले नै प्रमाणीकरण गरिदिने छ ।

त्यसका लागि मन्त्रालयका रोजगार व्यवस्थापन महाशाखाका सहसचिवको संयोजकत्वमा मागपत्र प्रमाणीकरण समिति गठन गरिएको छ । समितिमा परराष्ट्र मन्त्रालय, वैदेशिक रोजगार विभाग, मन्त्रालयका कानून तथा फैसला कार्यान्वयन शाखा र रोजगार समन्वय तथा सूचना शाखाका उपसचिवहरू सदस्य रहनेछन् । समितिमा यसअघि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पनि प्रतिनिधित्व गराउने विषयमा छलफल भएपनि मागपत्र प्रमाणीकरण गर्ने काम मुलत: सरकारी काम भएको निष्कर्षसहित संघको प्रतिनिधि नराखिएको बताइएको छ ।

समितिले विदेशमा नेपाली दूतावास र महावाणिज्यदूत नरहेका देश र नेपाली दूतावास र महावाणिज्यदूत रहेका भएपनि त्यहाँ फाइल पेश भएको १५ दिनभित्र प्रमाणीकरण नभएका मागपत्र समितिले आफ्नो क्षेत्राधिकारमा निवेदन आएको १० दिनभित्र प्रमाणीकरण गर्नेछ ।

वैदेशिक रोजगारसम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने निर्देशिका २०७५ मा नेपाली दूतावास र महावाणिज्यदूतले मागपत्र प्रमाणीकरण गरी वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (फेमिस)मा अपलोड गर्ने व्यवस्था छ । युरोपेली मुलुकमा रहेका केही नेपाली दूतावासले जनशक्तिको अभाव देखाउँदै मागपत्र प्रमाणीकरणको काम नै शुरूवात गरेका थिएनन् भने खाडी तथा मलेसियामा रहेका दूतावासहरूमा कार्यरत अधिकांश कर्मचारीले मागपत्र प्रमाणीकरण गर्नका लागि रोजगारदाता तथा वैदेशिक रोजगार व्यवसायीहरूलाई चर्को बार्गेनिङ तथा मोलतोल गरेर हैरानी दिएको गुनासो बढेको थियो ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले मन्त्रालयले जारी गरेको नयाँ कार्यविधिले युरोपेली देशबाट आउन नसकेको मागपत्र आउने र खाडी तथा मलेसियामा देखिएको ढिलासुस्ती र अनुचित बार्गेनिङको प्रवृत्तिमा कमी आउने बताए । कार्यविधि जारी गर्दै मन्त्रालयले नयाँ व्यवस्थाले नेपाली दूतावास र महावाणिज्यदूतले मागपत्र प्रमाणीकरण भइ नआएको अवस्थामा पनि प्राप्त >>> पृष्ठ २ मा


## UAE मा DPS Security Guard लाई रोजगार

AN-SECURITY
Company: Alfa Nord Security Services LLC

पूर्व स्वीकृती मितिः २०८०/०८/२६ चलानी नं. ६०२१२६३५ LTNo. : 296377

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED . | ने.रू. | | | | | | | |
| १. | Security Guard | 15 | 00 | काममा दक्ष | 1900 | ६८,८५६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

Basic Salary AED 1900 भएता पनि अनिवार्य OT सहित AED 2200 हुनेछ ।

SLC Passed, उमेरः 21 देखि 42 बर्ष, उचाईः 5.5 Inch भन्दा माथि, कामको अनुभव भएको र English राम्रो संग बोल्न, बुझ्न र पढ्न सक्ने हुनुपर्नेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

अन्तरवार्ता २०८० पुष २९ गते (14 Jan., 2024) यस प्रा. लि. को कार्यालय तिनकुने, काठमाडौंमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी**: १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

ThinkBiz
Gov.Lic.NO. 1608/079/080
**THINK BIZ INTERNATIONAL PVT.LTD.**
Subhidhangar Marg, Tinkune, Kathmandu, Tel : 01-5914635
Mob: 9761819719, 9761819720, 9761819721
Email: cv@thinkbiz.com.np | Web: www.thinkbiz.com.np


## प्रेस विज्ञप्ति

वैदेशिक रोजगार गणतान्त्रिक मञ्चका संरक्षक/सदस्य अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.का सञ्चालक श्री ईश्वर जि.सि.को कार्यालयमा मिति २०८०/९/१६ गतेका दिन दिउँसो सञ्चालक नेपाल बाहिर रहेको अवस्थामा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका तृतीय उपाध्यक्षको नेतृत्वमा आएको ५०औं जनाको समूहले पूर्वसूचना र जानकारी बिना नै जबरजस्ती कार्यालयमा प्रवेश गरी कर्मचारीहरुलाई दुर्व्यवहार गर्दै कार्यालयमा तालाबन्दी गरी कर्मचारीलाई बन्धक बनाएकोमा प्रशासनलाई जानकारी गराइ ताला फोडिएको विषय गम्भीर र आपत्तिजनक रहेकाले आवश्यक कारबाही गरी पाउँन सञ्चालक जि.सि.ले संघका अध्यक्षज्यूलगायतलाई आग्रह गर्दासमेत कुनै सुनुवाइ नभएको गुनासो यस मञ्चलाई जानकारी गरेपश्चात उहाँ सम्मिलित यस मञ्चको बैठक बसेर छलफल हुँदा आफू कुनै पनि सिण्डिकेट र एकाधिकारको विपक्षमा रहेको साथै साउदी भिसाको बायोमेट्रिकसम्बन्धी विषयमा कुनै संलग्नता नरहेको/नभएकोमा राजनैतिक प्रतिषोध साँध्ने तवरबाट गुण्डागर्दी शैलीमा संघका पदाधिकारी सम्मिलित भइ प्रा.लि.को कार्यालयमा गरिएको हुलहुज्जत, दुर्व्यवहारका साथै कर्मचारीलाई बन्धक बनाउने र तालाबन्दी गर्नेजस्ता कार्य हुनु संघको विधि, विधान, आचारसंहिता र कानूनविपरीत रहेको ठहर गर्दै यसप्रति गम्भीर चासोका साथ यो मञ्च घोर भर्त्सना व्यक्त गर्दछ ।

पूर्वसूचना र जानकारी बिना सञ्चालक नभएको अवस्थामा प्रा.लि.मा हुलहुज्जतका साथ प्रवेश गर्ने, कर्मचारीलाई दुर्व्यवहारका साथै बन्धक बनाइ तालाबन्दी गर्ने कार्य कानूनी व्यवस्थाको विपरीत र प्रा.लि. तथा सञ्चालकको मान, मर्यादा र साख प्रतिष्ठामा गम्भीर आघात पुऱ्याउने त्यस प्रकारका काम कारबाही के कसरी कुन उद्देश्यले भए/गरेको हो सम्पूर्ण व्यवसायी र आम जनमानसमा प्रष्ट पार्न र दोषी उपर कारबाही गरी व्यावसायिक एकता, भाइचारा र पेशागत हक हित संरक्षण गर्न वैदेशिक रोजगार व्यवसायीको छाता संगठनको रुपमा स्थापित त्यस संघ तथा नेतृत्ववर्गमा अनुरोध गर्दै प्रस्तुत विषयको गम्भीर्यतालाई मनन गरी निकासा दिन आग्रह गर्दछौं । अन्यथा दोषी उपर कानूनी कारबाहीको प्रक्रियामा जान बाध्य हुने जानकारी गराउँदछौं ।

**कुन्छा दोर्जे दिमदोङ**
महासचिव

**प्रमेश्वर अधिकारी**
का.बा. अध्यक्ष

**वैदेशिक रोजगार व्यवसायी गणतान्त्रिक मञ्च**

मध्यान्ह
www.madhyanhadaily.com
२२ पुस २०८०, आइतबार
7 January 2024, Sunday

# ‘आफूलाई चिन्न, बदल्न, असल तथा स्वच्छ बन्न ध्यान विज्ञान आवश्यक’

**काठमाडौं/मस–** उपप्रधानमन्त्री एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले ध्यानलाई धर्मसँग नभएर विज्ञानको रूपमा जोडेर हेर्नुपर्ने धारणा व्यक्त गर्दै आफूलाई चिन्न, बदल्न, असल तथा स्वच्छ बन्न ध्यान विज्ञान आवश्यक रहेको बताएका छन् ।

नेपाल सरकार गृह मन्त्रालयको समन्वय तथा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज र जीवन विज्ञान संस्थाको संयुक्त आयोजनामा ध्यान विज्ञान ध्यानद्वारा उर्जा जागरणको एक दिवसीय कार्यशालाको सोही प्रतिष्ठानमा शनिबार उद्घाटन गर्दै उपप्रधानमन्त्री एवम् गृहमन्त्री श्रेष्ठले उक्त कुरा बताएका हुन् ।

उक्त अवसरमा गृहमन्त्री श्रेष्ठले ध्यान विज्ञानले सुरक्षा अंगका कर्मचारीलाई असल, स्वच्छ एवम् शुद्ध बन्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने चर्चा गर्दै नेपाल सरकारले अंगिकार गरेको सुशासनको अभियानलाई समेत प्रभावकारी रूपमा सम्पादन गर्न कार्यशालाले थप मद्दत पुऱ्याउने विश्वास व्यक्त गरे । ध्यानको




माध्यमबाट हरेक कर्मचारीहरूलाई तनावमुक्त, एकाग्रता, स्वजागरण एवम् स्वअनुशासित बनाउन सहयोग हुने तथा उनीहरूबाट सम्पादन हुने कार्यमा समेत सकारात्मक प्रभाव पर्ने हुँदा निष्ठा एवम् समर्पणभावका साथ ध्यान विज्ञानलाई आत्मसाथ गर्न उनले जोड दिए ।

योगले शारीरिक अभ्यासको साथै जीवनशैलीलाई राम्रो बनाई आफूलाई रूपान्तरण गर्ने प्रकृयामा योगदान पुऱ्याउने उल्लेख गर्दै गृहमन्त्री श्रेष्ठले समाजलाई राम्रो बनाउन र विश्वमा नै मानवताको प्रवर्द्धन गर्न समेत ध्यान विज्ञान फलदायी हुने बताए । मन्त्रालय र सुरक्षा संयन्त्रको नेतृत्वले ध्यान विज्ञानको अभियानको मर्म र महत्वलाई गम्भीर रूपमा आत्मसाथ गरेको चर्चा गर्दै आगामी दिनमा समेत सुरक्षा निकायमा ध्यान विज्ञानको प्रशिक्षणलाई थप विस्तार गर्दै लैजाने उनले बताए ।

उक्त अवसरमा राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जका कार्यकारी निर्देशक प्रहरी अतिरिक्त महानिरीक्षक सन्दिप भण्डारीले स्वागत मन्तव्य व्यक्त गर्दै शारीरिक व्यायाम सँगसँगै योगाभ्यासलाई समेत विशेष महत्वका साथ प्रयोगमा लैजान सकियो भने व्यक्तिगत र व्यावसायिक जीवनलाई थप सकारात्मक सोचका साथ अगाडि बढाउन सकिने विचार व्यक्त गरे ।

कार्यशालामा जीवन विज्ञान संस्थाका संस्थापक एवम् जीवन विज्ञान विशेषज्ञ रमेश नेपालद्वारा प्रहरी कर्मचारीहरूलाई प्रशिक्षण प्रदान गरिएको थियो । कार्यशालामा प्रहरी महानिरीक्षक बसन्त बहादुर कुँवर, जीवन विज्ञान विशेषज्ञ एल.पि. भानु शर्मा, गृह मन्त्रालयका सहसचिव, वरिष्ठ प्रहरी अधिकृतहरू, प्रशिक्षार्थीहरू, जीवन विज्ञान संस्थाका स्वयंसेवक तथा सदस्यहरूको सहभागिता रहेको थियो ।

# फुटपाथमा फलफूल पसल, ठेला राख्दा दुर्घटनाको जोखिम



**मध्यान्ह संवाददाता**
रौतहट, २१ पुस

रौतहटको चन्द्रनिगाहपुर गौर सडकखण्डका अधिक भिडभाड हुने स्थानमा फलफूल पसल र ठेला राख्दा दुर्घटनाका जोखिम बढ्ने गरेको छ ।

बजार तथा बस पार्क क्षेत्रको सडकमा फलफुल पसल हुँदा बस, रिक्सा तथा म्याजिक लगायतका सवारी आवतजावतमा कठिनाइ भएको छ । सडक किनारमा यात्रु चढ्न वा ओराल्ने स्थान नजिकमा नै फुटपाथ पसल सञ्चालनमा आउँदा निकै समस्या भएको बसका चालकहरु बताउँछन् ।

यात्रुको प्रतिक्षालयको रुपमा रहेको यस स्थानमा ठेला वा फुटपाथमा व्यवसाय सञ्चालन हुँदा गाडी रोक्ने वा गुडाउने बेलामा समस्या हुने गरेको उनीहरुको गुनासो छ । चन्द्रनिगाहपुर अहिले सुन्तलाको व्यापारका लागि फलफुल पसले सडक नै अतिक्रमण गरी सञ्चालन गर्ने गरेको पाइन्छ । यसले पैदलयात्रीलाई समेत आवतजावतमा समस्या भएको चन्द्रपुरका स्थानीय सरोज मिश्रले बताए ।

उनले फुटपाथका पसल तथा व्यवसाय बन्द गर्नुपर्ने बताए । फुटपाथ व्यवसायका कारण सडक साघुँरो हुने र दुर्घटनाको जोखिम बढ्ने उनको भनाइ छ ।

चन्द्रनिगाहपुर चोक फुटपाथ व्यवसायका कारण अस्तव्यस्त बनेकाले यसतर्फ सरोकारवाला निकायले ध्यान दिनुपर्ने उनको माग छ । चन्द्रनिगाहपुर गौर सडकखण्डको नेपाल बैंक अगाडि निर्माणाधिन सडकमै फलफूलको पसल राखिएको छ । एकातिर सडक निर्माण अर्कोतिर यात्रुको भिडभाड हुने ठाउँमा ठेलामा फलफुल पसल राख्दा दुर्घटनाको जोखिम बढेको यहाँका व्यापारीहरुको गुनासो छ । फुटपाथ व्यापारीले मनलाग्दी किसिमले जथाभावी सडकका किनारमा फलफुल पसल राख्ने गरेकाले व्यवसायमा समेत असर परेको सटरका पसल सञ्चालकहरुले बताएका छन् । चन्द्रनिगाहपुरको तल्लो बजारमा समेत हाट बजार लागेको दिन वा अन्य दिन फुटपाथमा नै व्यपार व्यवसाय हुने गरेको यहाँका स्थानीयहरु बताउँछन् ।

चन्द्रनिगाहपुर मुख्य चोकको सडकको उत्तरतर्फ आधा दर्जन बढी फलफुल पसल कालोपत्रे सडक किनारमै राखिएको छ ।

सडक किनारको फुटपाथमा पसल व्यवसाय नगर्ने चन्द्रपुर नगरपालिकाले यसअघि सचेत समेत गराएको थियो । तर अहिले फुटपाथमा पसले उक्त आग्रहलाई वेवास्ता गरी सञ्चालन गरेको पाइन्छ ।

चन्द्रपुर नगरपालिका र सरोकार राख्ने निकायहरुले ती सडकमा व्यापार गर्ने व्यापारीहरुलाई सुरक्षित स्थानमा व्यापार गर्ने वातावरण मिलाउनुपर्ने माग यहाँका नागरिक समाजको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय चन्द्रपुरले सडकमै ठेला पसल राख्नेहरुलाई सम्भावित दुर्घटनाका बारेमा सचेत गराउनुपर्ने आवश्यकता देखिएको छ ।

# सन्धिखर्क बजार क्षेत्रमा रहेका खोला सरसफाइ



**नवीन विक/मध्यान्ह**
अर्घाखाँची, २१ पुस

सन्धिखर्क बजारभित्र रहेका बाँगी खोला, घोंचे खोलालगायत आसपासका क्षेत्रमा सरसफाइ गरिएको छ । शनिबार सन्धिखर्क नगरपालिका, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, राष्ट्र सेवक कर्मचारी, सञ्चारकर्मी, स्थानीयलगायतले सरसफाइ अभियान चलाएका हुन् । खोला फोहोर भएका कारण दुर्गन्ध फैलिएको, विभिन्न रोगहरु फैलिन सक्ने भन्दै सरसफाइ अभियान चलाइएको हो ।

नगरपालिकाका प्रमुख कृष्ण प्रसाद श्रेष्ठले खोलामा फोहोर फाल्ने प्रवृत्ति गलत भएको बताउँदै फोहोर खोलामा नफाल्न स्थानीयलाई आग्रह गरे । ‘यहाँका खोलानाला तथा सार्वजनिक स्थल सफा राख्ने दायित्व हामी सबैको हो,’ उनले भने, ‘फोहोर उठाउन नियमित नगरपालिकाबाट गाडी आउँछ, गाडीमा राखौं, आँखा छलेर खोलामा फोहोर नफ्याकौं ।’

सन्धिखर्क नगरपालिकाले खोलामा फोहोर फ्याक्नेलाई जरिवाना लगाउने भएको छ । स्थानीयले नगरपालिकालाई ठाउँ/ठाउँमा फोहोर राख्ने डस्बिन उपलब्ध गराउन माग गरेका थिए । नगरपालिकाले प्रत्येक महिनाको अन्तिम शनिबार सरसफाइ अभियान चलाउने र अनुगमन गर्ने प्रमुख प्रशासकीय अधिकृत खुम भुसालले जानकारी दिए । उनले ‘सके सरसफाइ गरौं, नसके फोहोर पनि नगरौं’ भन्ने नारालाई सबैले आत्मसात गर्नुपर्ने बताए ।

# एमाले बाजुरा सचिव थापा जिल्ला दौडाहमा व्यस्त



**धनकृष्ण विक/मध्यान्ह**
बाजुरा, २१ पुस

नेकपा एमाले बाजुराका पार्टी सचिव भरत थापा जिल्ला दौडाहमा व्यस्त देखिएका छन् । जिल्लाका ९ वटै पालिकाका प्रत्येक वडामा जनतासँग सुन्ने सुनाउने गरी कार्यकर्ता भेटघाटमा व्यस्त भएका हुन् । नेकपा एमालेको आठौं जिल्ला अधिवेशनका लागि अध्यक्षका आकांक्षी समेत रहेका पार्टी सचिव थापाले पार्टीको वडास्तरमा संगठनलाई बलियो बनाउन र संगठनका कार्यकर्तालाई चलामान बनाउने गरी पालिकास्तरमा भेटघाटमा व्यस्त छन् ।

अहिले जिल्ला दौडाहमा रहेको र पार्टीका कार्यकर्ता भेटघाट, सुन्ने सुनाउने कार्यमा पालिकाका प्रत्येक वडामा गएर कार्यक्रममा सहभागी भएको पार्टी सचिव थापाले बताए ।

पार्टी सचिव पालिकास्तरमा वडास्तरका कार्यकर्ता लिएर वडामा जान थालेपछि आठौं जिल्ला अधिवेशनको अध्यक्षको तयारीमा लागेको उनी निकटका कार्यकर्ताले बताएका छन् ।

पार्टी सक्षम र सवल नेतृत्व नै थापा भएकाले उनी पालिकाबाट आउने सम्भावित प्रतिनिधिहरुलाई अध्यक्ष लड्ने बारेमा पनि जानकारी गराइ रहेको एक स्रोतको दाबी रहेको छ । एमालेको आठौं जिल्ला अधिवेशन आउन अझैं १ महिना बढी बाँकी रहेको छ । नेकपा एमालेको नवौं जिल्ला कमिटीको बैठकले माघ २६ देखि २८ गते बुढीनन्दा नगरपालिकाको कोल्टीमा अधिवेशन गर्ने निर्णय समेत गरिसकेको छ । एमालेको अधिवेशनमा अध्यक्षका लागि एमाले सचिव भरत थापा, निवर्तमान सुदूरपश्चिम प्रदेश कमिटी उपसचिव बलदेव रेग्मी, एमाले नेता लालबहादुर ओली रंगमान शाही लगायतको नाम सामाजिक संजाल बहस हुन थालेको छ ।

# शिक्षा क्षेत्रमा आमुल परिवर्तन आवश्यक : श्रेष्ठ

**शोभाखर पन्थी/मध्यान्ह**
अर्घाखाँची, २१ पुस



सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्ण प्रसाद श्रेष्ठले शिक्षा क्षेत्रमा आमुल परिवर्तनको खाँचो रहेको बताएका छन् । भगवती माध्यमिक विद्यालय कुर, शंखेटारीद्वारा सन्धिखर्कमा आयोजित हरि स्मृति दिवसको अवसरमा मन्तव्य राख्दै उनले शिक्षा क्षेत्रमा राज्यले लगानी गरे अनुसार प्रतिफल प्राप्त हुन नसकेको बताए । नगर प्रमुख श्रेष्ठले व्यवस्था परिवर्तन भइ नयाँ संविधान जारी भएको यति लामो समयसम्म पनि पञ्चायत कालको शिक्षा ऐनको आधारमा कामकाज संचालन गर्नु चिन्ताको विषय बनेको भन्दै नयाँ शिक्षा ऐनमार्फत शिक्षा क्षेत्रमा विद्यमान सबैखाले समस्या समाधान गर्नुपर्नेमा जोड दिए ।

उनले स्वर्गीय हरि खनाल सदैव अमर रहुन भन्दै उनले देखाएको बाटोमा हिँड्ने प्रण समेत गरे । कार्यक्रममा मन्तव्य राख्दै सन्धिखर्क नगरपालिकाका पूर्व नगर प्रमुख कमल प्रसाद भुसालले शैक्षिक गुणस्तर वृद्धिको निम्ति सबैपक्ष चनाखो हुनुपर्नेमा जोड दिए । उनले विद्यार्थीमा देखिएको वैदेशिक मोह रोक्न नसके केही वर्षपछि मुलुकको अवस्था गम्भीर बन्ने बताए । नेपाली कांग्रेसका नेता समेत रहेका उनले तत्काल शिक्षा ऐन पारित गरेर अगाडि बढ्न राज्यको ध्यानाकर्षण गराए ।

स्वर्गीय हरिप्रसाद खनालका बुबा दयाराम खनालको अध्यक्षता,विद्यालयका प्रधानाध्यापक ध्रुब बहादुर खत्रीको स्वागत मन्तव्य र शिक्षक शोभाखर पन्थीको सञ्चालनमा सम्पन्न कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्यामबहादुर भुसाल, सदस्य विष्णु ढुङ्गाना,समाजेवी तुल्सी खनाल लगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा सन्धिखर्क नगरपालिकाका उपप्रमुख मिश्रा आचार्य, सन्धिखर्क वडा नं.२ का वडा अध्यक्ष मोतिजङ्ग रायमाझी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा गत वर्षको कक्षा-८ को वार्षिक परीक्षामा सन्धिखर्क नगर पालिका तथा भगवती माध्यमिक विद्यालयबाट उत्कृष्ट नतिजा ल्याउने १-१ जना छात्र-छात्रा एवं हाजिरी जवाफ प्रतियोगितामा विजयी विद्यार्थीलाई पुरस्कृत गरिएको थियो ।

भगवती माध्यमिक विद्यालयको कक्षा-९ मा अध्ययनरत स्वर्गीय हरी खनालको २०६० पौष-२१ गते (पोखरामा बालकल्याण समितिद्वारा आयोजित वतृत्वकला प्रतियोगितामा सहभागी भएर घर फर्कने क्रममा नरपानी भएको सवारी दुर्घटनामा निधन भएको थियो । विद्यालयले उनको सम्झनामा प्रत्येक वर्षको पुस-२१ मा कार्यक्रम गर्दै आएको छ ।

# अपराध रोकथाम र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया

**प्युठान/मस–** समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत अपराध रोकथाम र शैक्षिक गुणस्तर अभिवृद्धिका लागि माध्यामिक तहका प्रधानाध्यापकहरूसँग जिल्ला प्रहरी कार्यालय प्युठानमा शनिबार दुई दिवसीय अन्तरक्रिया कार्यक्रम शुरू भएको छ ।

अन्तरक्रिया कार्यक्रममा प्रमुख अतिथि जिल्ला न्यायाधीश पुनाराम खनालले प्रधानाध्यापक र शिक्षकहरूले समाजमा घट्ने अपराध रोकथाम तथा अनुसन्धानमा प्रहरीलाई सूचना दिई सहयोग गर्नुपर्ने धारणा व्यक्त गरे । प्रहरीसँग सहकार्य एवम् साझेदारी गरी समाजलाई अपराधरहित बनाउन र न्यायसम्पादनको लागि सहयोग पुऱ्याउन उनले अनुरोध समेत गरे ।

जिल्ला प्रहरी कार्यालय प्युठानको सहकार्य, जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्युठानको आयोजना एवम् नेपाल जेसुईट सामाजिक संस्थाको प्राविधिक सहयोगमा दोस्रो समूहको उक्त अन्तरक्रिया कार्यक्रम संचालन गरिएको हो ।

जिल्ला शिक्षा विकास तथा समन्वय इकाई प्युठानका कार्यालय प्रमुख शिवराज पण्डितको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सेन्टजेभियर्स स्कुल जावलाखेलका प्रधानाध्यापक, प्युठानको मल्लरानी, ऐरावती, गौमुखी, झिमरूक र नौबहिनी गाउँपालिका अन्तर्गतका २७ वटा माध्यामिक विद्यालयका प्रधानाध्यापकहरू र नेपाल जेसुईट सामाजिक संस्थाका निर्देशक समेतको उपस्थिति रहेको थियो ।

### नियुक्तिमा...

प्रधान न्यायाधीश, प्रतिनिधि सभाको सभामुख, राष्ट्रिय सभाको अध्यक्ष, प्रतिनिधि सभाको विपक्षी दलको नेता र प्रतिनिधि सभाको उपसभामुख सदस्य हुन्छन । यसले प्रधान न्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्दछ । प्रधान न्यायाधीशको नियुक्तिको सिफारिस गर्ने बैठकमा भने नेपाल सरकारको कानून तथा न्याय मन्त्री सदस्यको रूपमा रहन्छन् ।

संवैधानिक परिषद र न्याय परिषदबाट भएको नियुक्तिसिफारिस उपर संसदीय सुनुवाई हुन्छ । सुनुवाइका क्रममा समितिमा समावेशिताको खोजी संसदको संसदीय सुनुवाइ समितिमा हुँदै आएको छ । यहीबेला मधेशमा उदाउँदै गरेको जनमत पार्टीका अध्यक्ष राउतले प्रधानमन्त्रीलाई नै भेटेर नियुक्ति असमावेशी भएको भनी गम्भीर ध्यानाकर्षण गरेका हुन् ।

यसअघि गत साउन १८ गते संसदीय सुनुवाइ समितिले राजदुत नियुक्तिमा समावेशिताको प्रश्न उठाएर परराष्ट्रमन्त्री नारायणप्रसाद साउदसँग सोधपुछ गरेको थियो । मन्त्री साउदसँग सांसदहरुले संविधानले प्रत्याभूत गरेको समावेशितालाई उल्लंघन गरेको भन्दै प्रश्न गरेका थिए ।

सरकार सबै प्रकारका नियुक्तिलाई संवैधानिक व्यवस्थाअनुसार समावेशी बनाउन प्रतिबद्ध रहेको जवाफ दिएका मन्त्री साउदले फेरि नियुक्ति सिफारिस गर्दा समावेशी बनाउने प्रतिबद्धता जनाएका थिए ।

संसदीय सुनुवाइ समितिमा समेत यस्तो प्रश्न उठ्ने र छलफल हुने गरिरहन्छ । जति बेला नियुक्ति सिफारिस हुन्छ त्यति बेला समावेशिताको प्रश्न उठ्छ तर, त्यस अनुसार काम हुन नसकेको नेताहरु नै स्वीकार गर्छन । नेकपा एमालेका प्रमुख सचेतक पदम गिरी जुनसुकै नियुक्तमा पनि समावेशितालाई ध्यान दिनुपर्ने बताउँछन् । उनी भन्छन्, ‘सरकारले समावेशितालाई ख्याल गर्नपर्छ । अन्यथा जनतामा निराशा आउँछ ।’

### मागपत्र...

रोजगारीको अवसर गुम्न नदिन र वैदेशिक रोजगारलाई विश्वसनीय तथा व्यवस्थित बनाउने बताएको छ ।

नयाँ कार्यविधि जारी भएपनि व्यवसायीले शुरूमा नेपाली दूतावास र महावाणिज्यदूतमा मागपत्र प्रमाणीकरणका लागि पेश गर्नुपर्नेछ । पेश गरेको १५ कार्यदिनभित्र प्रमाणीकरण नभएको अवस्थामा त्यसको प्रमाणसहित मन्त्रालयमा गठित समितिसमक्ष निवेदन दिनुपर्नेछ । समितिलाई दश दिनभित्र आवश्यक प्रक्रिया बुझेर मागपत्र प्रमाणीकरण गरी वैदेशिक रोजगार विभागमा अनलाइन वा आधिकारिक इमेलमार्फत पठाउनुपर्ने जिम्मेवारी कार्यविधिले दिएको छ ।

मन्त्रालयमा गठित समितिले मागपत्र प्रमाणीकरण अघि सम्बन्धित कम्पनीमा नेपाली कामदार भए उनीहरूको अवस्था, रोजगारदाताले कामदारलाई उपलब्ध गराउने पारिश्रमिक एवम् सेवा सुविधासहित तीन महिनाको पारिश्रमिक वितरणको अवस्था, कामदारको आवास, स्वास्थ्य तथा कार्यस्थलको सुरक्षा, रोजगारदाता कालोसूचीमा नपरेको विवरणलगायतका कागजात
पेश गर्नुपर्ने र कागजात झुटा ठहरिएको अवस्थामा दायित्व लिने प्रतिबद्धता पेश गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

मन्त्रालयले मागपत्र प्रमाणीकरण गर्दा खाडी मुलुक र मलेसियाका लागि एक सयभन्दा कम कामदार भए ४० हजार, १ सय १ र सोभन्दा बढी भए ६० हजार राजस्व तोकेको छ भने पूर्वी एसिया, जापान, कोरिया, इजरायललगायतका मुलुकहरूका लागि एक सयभन्दा कम कामदार भए ५० हजार, १ सय १ र सोभन्दा बढी भए ७५ हजार राजस्व तोकेको छ । युरोप र अन्य मुलुकका लागि एक सयभन्दा कम कामदार भए ३ सय ५० युएस डलर, १ सय १ र सोभन्दा बढी भए ५ सय युएस डलर राजस्व तोकेको छ । मागपत्र संशोधनका लागि २० हजार राजस्व तोकिएको छ ।

# इन्जिनियर शाहको आत्मकथा ‘मेरो सपना’ विमोचन



**काठमाडौं/मस–** वरिष्ठ आर्किटेक इन्जिनियर रञ्जन सिंह शाहको आत्मकथा ‘मेरो सपना’ विमोचन गरिएको छ । शनिबार एक कार्यक्रमका बीच पूर्वमन्त्री डा. भेष बहादुर थापा, होटेल व्यवसायी, लेखक एवम् सकारात्मक सोचका अभियन्ता कर्ण शाक्य, प्रा.डा. जिवराज पोखरेल र आर्किटेक इश्वरलाल जोशीले आत्मकथा पुस्तकको संयुक्त विमोचन गरेका हुन् ।

कार्यक्रममा वक्ताहरुले नेपालको वास्तुकलाको बारेमा चर्चा गर्दै यसलाई अझ कसरी विश्व माझ चिनाउन सकिन्छ भन्ने बारेमा आ-आफ्नो धारणा राखेका थिए ।

आत्मकथा ‘मेरो सपना’ पुस्तकमा शाहले आफ्नो सानैदेखिको आर्किटेक इन्जिनियर बन्ने सपना कसरी पूरा भयो र आउने भावी पुस्ताले पनि नेपालको वास्तुकला (आर्किटेक) लाई कसरी विश्वमाझ चिनाउन र बचाइराख्न सक्छन् भन्ने कुरालाई समेटेका छन् ।

शाह एशोसिएटले आयोजना गरेको कार्यक्रममा उद्योगपति, नेता, इन्जिनियर, डाक्टर, नेपाल सरकारका पूर्वसचिवहरुको उपस्थिति थियो । शाहले जीवनको महत्वपूर्ण ५० वर्ष आर्किटेक इन्जिनियरिङमा बिताएका छन् । नेपालमा त्रिभुवन विश्व विद्यालयबाट विज्ञान विषयमा विएससी सकिएपछि भारतको बरुडास्थित एम एस युनिभर्सिटीबाट आर्किटेक्चरमा डिग्री गरेका शाहले नेदरल्याण्डबाट अर्किटेक्चरमा स्नाकोत्तर गरेका थिए ।

सिंहदरबारमा आगलागी पछिको पुनःनिर्माणमा उत्कृष्ट काम गरेबापत शाहलाई तत्कालीन राजा वीरेन्द्र शाहले गोरखा दक्षिण बाहु तेस्रोबाट सम्मान गरेका थिए भने एघारौं सार्क सम्मेलनमा खेलेको भूमिका बापत भारतका पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीबाटसमेत सम्मान र पुरस्कार प्राप्त गरिसकेका छन् ।

समा प्रिन्टर्सबाट प्रिन्टिङ ८० पृष्ठको आत्मकथा ‘मेरो सपना’ पुस्तक हाललाई इच्छुक पाठक माझ निःशुल्क वितरण गरिएको छ । पुस्तकको सहलेखन डा. शृष्टी शाहले गरेकी हुन् ।

कालीकोट डायरी
भरतराज बिष्ट/मध्यान्ह

# ५३ हजारले लगाए टाइफाइडविरुद्धको खोप

भूकम्प प्रभावित जिल्लामध्ये कालीकोटमा ५३ हजार ४ सय ४५ जनाले टाइफाइडविरुद्धको खोप लगाएका छन् । नेपाल सरकारको निर्णयानुसार सञ्चालन गरिएको टाइफाइडविरुद्धको खोप अभियान जिल्लाको ९ वटै स्थानीय तहमा सञ्चालन भएको थियो । पुस १२ गतेदेखि २० गतेसम्मको तथ्यांकअनुसार ५३ हजार ४ सय ४५ जनाले टाइफाइडविरुद्धको खोप लगाएका हुन् ।

१६ वर्षदेखि ४५ वर्ष उमेरसम्मका नागरिकहरुका लागि टाइफाइडविरुद्धको खोप अभियान सञ्चालन गरिएको हो । खोप अभियानलाई सफल पार्न स्वास्थ्य सेवा कार्यालय कालीकोटले ६ वटा गाउपालिका र ३ वटा नगरपालिका गरी जम्मा ९ वटै स्थानीय तहमा २ सय २९ भन्दा बढी खोप केन्द्र तोकेको थियो ।




दुई चरणमा सञ्चालन गरिएको खोप अभियानमा ९ वटै स्थानीय तहका ५७ हजार ४ सय ८३ जनालाई खोप लगाउने लक्ष्य राखिएकोमा ५३ हजार ४ सय ४५ जनालाई खोप लगाउन सफल भएको स्वास्थ्य सेवा कार्यालय कालीकोटका सूचना अधिकारी कटक महतले मध्यान्हलाई बताए । जसमा खाँडाचक्र नगरपालिकामा ८ हजार ३ सय २७, राष्कोट नगरपालिकामा ७ हजार ६ सय ८७, तिलागुफा नगरपालिकामा ५ हजार ८ सय ३९, पँचालझरना गाउँपालिकामा ५ हजार ५ सय ५९, सान्नित्रीवेणी गाउँपालिकामा ५ हजार १ सय ६७, नरहरीनाथ गाउँपालिकामा ८ हजार ७ सय ८३, शुभकालिका गाउँपालिकामा ५ हजार ३ सय ९, महावै गाउँपालिकामा २ हजार ५ सय ६५ र पलाँता गाउँपालिकामा ४ हजार २ सय ९ जनाले खोप लगाएका छन् । खोप अभियानमा ९३ प्रतिशत लक्ष्य हासिल गरिएको उनले जानकारी दिए ।

टाइफाइडविरुद्धको खोप अभियान दुई चरणमा विभाजन गरी सञ्चालन गरिएको थियो । पहिलो चरण पुस १२ देखि १४ गतेसम्म जिल्लाको पलाँता गाउँपालिका, तिलागुफा नगरपालिका, महावै गाउँपालिका र नरहरीनाथ गाउँपालिकामा खोप अभियान सञ्चालन भएको थियो भने दोस्रो चरणमा पँचालझरना गाउँपालिका, राष्कोट नगरपालिका, सान्नि त्रिवेणी गाउँपालिका, खाँडाचक्र नगरपालिका र शुभकालिका गाउँपालिकामा अभियान सञ्चालन भएको स्वास्थ्य सेवा कार्यालय कालीकोटका निमित्त स्वास्थ्य व्यवस्थापक डा. संकेत बिश्वकर्माले मध्यान्हलाई बताए । कोभिडविरुद्धको खोप जस्तै टाइफाइडविरुद्धको खोप भएकाले टाइफाइड रोग लाग्न नदिन सबैले खोप लगाएको डा. संकेतले बताए । उनका अनुसार हालसम्म कालीकोटका नागरीकहरुले १३ थरिका खोपहरु लगाइसकेका छन् ।

कालीकोट जिल्लामा खोप अभियान सफलापूर्वक सम्पन्न गर्न जिल्ला खोप समन्वय समिति, स्थानीय तहका जनप्रतिनीधि, सरकारी निकाय, स्वास्थ्यकर्मी, सञ्चारकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, विद्यार्थी, स्वास्थ्य आमा समूह, संघ संस्था, नागरिक समाज, आम सेवाग्राही तथा परिवार कल्याण महाशाखा, बाल स्वास्थ्य तथा खोप सेवा शाखा, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य सेवा निर्देशनालय कर्णाली प्रदेश सुर्खेतले महत्वपूर्ण योगदान पुऱ्याएको स्वास्थ्य सेवा कार्यालय कालीकोटले धन्यवाद ज्ञापन गरेको छ । टाइफाइडविरुद्धको खोप लगाएका नागरिकहरु रोगबाट बचिनेमा विश्वस्त भएका छन् ।

यसैगरी खाँडाचक्र नगरपालिकाका उपप्रमुख गणेश बहादुर शाही 'आकास'ले खोप लगाउने भनेपछि धेरै नागरिकहरु डराएको तर आफूले लगाउँदा कुनै पनि दुखाइ नभएको बताए । यस्ता खोपहरु नछुटाएको खण्डमा अकालमै ज्यान जानबाट जोगिने उनको भनाइ छ । नेपाल महावै गाउँपालिकाका अध्यक्ष खेम बहादुर सिंह 'भिजन'ले सरकारले भूकम्प प्रभावितसहित अन्य जिल्लाका नागरिकहरुका लागि पनि टाइफाइडविरुद्धको खोप सञ्चालन गर्नुपर्नेमा जोड दिए ।

# 'अवधी भाषा संरक्षणका लागि नगरपालिका प्रतिबद्ध'

शहबाज खान/मध्यान्ह
कपिलवस्तु, २१ पुस

कपिलवस्तुको कृष्णनगरमा स्थानीय अवधी सांस्कृतिक गीत संगीत संरक्षण संवर्द्धन कार्यक्रम सम्पन्न भएको छ । अवध जागरण मिडिया प्रा.लिको आयोजना तथा कृष्णनगर नगरपालिका वडा ९ को सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमका प्रमुख अतिथि कृष्णनगर नगरपालिकाका प्रमुख रजत प्रताप शाहले अवधी भाषा संरक्षणका लागि आगामी आर्थिक वर्षमा रकम विनियोजन गर्ने बताए । अवधी भाषा संरक्षणका लागि नगरपालिका सदैव तत्पर रहेको उनले बताए ।




कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल अवधी पत्रकार संघका केन्द्रीय उपाध्यक्ष सनिउल्ला धोबीले भाषा आयोगले निर्धारण गरेको निति स्थानीय तहले अवलम्बन गर्नुपर्ने बताए । उपाध्यक्ष धोबीले भने, 'स्थानिय तहले भाषासम्बन्धी नीति नबनाउँदा, चलनचल्तीमा अवधी भाषा नआउँदा जनप्रतिनिधिबाट नै हामी ठगिएका छौं ।' स्थानीय अवधी लोक सांस्कृतिक, गीत संगीत संरक्षण सम्वर्द्धन कार्यक्रमलाई सम्बोधन गर्ने वक्ताहरुले अवधी भाषा संरक्षण गर्नुपर्ने बताएका थिए । कार्यक्रममा त्यस क्षेत्रका स्थानीय अवधी भाषी कलाकारहरुले आफ्नो कला प्रस्तुत गरेको अवध जागरण मिडियाका अध्यक्ष निरहु यादवले जानकारी दिए । स्थानिय कलाकारहरुले धोबियवा, कहरवा, फगुवा, चैता, कजरी, सोहर, विवाहलगायतका गीत गाएका थिए ।


भैरबी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भैरीकालिकाथुम, दैलेख
कर्णाली प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/१८)**

यस कार्यालयबाट चालु आ.व. २०८०/०८१ लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपसिलका निर्माण कार्य विद्युतीय बोलपत्रको माध्यमबाट गर्नको लागि मिति २०८०/०८/०५ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सूचना बमोजिम ठेक्का नं. BRM/NCB/WORKS–10/2080/081 को सूचना प्रकाशन भइ सूचनामा तोकिएको मितिभित्र रीतपुर्वक पेश हुन आएका बोलपत्रहरु मुल्याङ्कन समितिबाट बोलपत्रको पुर्णताको परीक्षण र आर्थिक तथा प्राविधिक मुल्याङ्कन गरी स्वीकृतिका लागि सिफारिस प्राप्त भएकाले तपसिल बमोजिमको बोलपत्रदाताले पेश गरेको बोलपत्र न्युनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले स्वीकृतिको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा (२७) को उपदफा (१) र (२) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (६७) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| क्र.स. | कामको विवरण | ठेक्का नं. | छनोट भएको निर्माण व्यावसायीको नाम/ठेगाना | कबोल अंक (मु.अ.करसहित) | कैफियत |
|---|---|---|---|---|---|
| १ | सहिदगेट-डाँडिमाडी-कुसापानी भोटेगककी सडक मर्मत | BRM/NCB/WORK 5–10/2080/081 | डि.सि. कन्स्ट्रक्सन नारायण-२ दैलेख । | ६९,१३,७२५.५१ (अक्षरुपी उनान्सत्तरी लाख तेह्र हजार सात सय पच्चिस पैसा एकाउन्न) | |

प्रमुख प्रशासकीय अधिकृत


# खाँडाचक्र नगरपालिकाद्वारा भूकम्प पीडितका लागि ५ लाख सहयोग

जाजरकोट र रुकुम पश्चिमका भूकम्प प्रभावितका लागि कालिकोटको खाँडाचक्र नगरपालिकाले ५ लाख रुपैयाँ सहयोग गरेको छ । खाँडाचक्र नगरपालिकामा प्रमुख कमलबहादुर शाही र उपप्रमुख गणेशबहादुर शाहीले भूकम्प पीडित नागरिकलाई सहयोग गर्न नगरपालिकाको तर्फबाट ५ लाख रुपैयाँको चेक शुक्रबार कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्मालाई हस्तान्त्रण गरेका हुन् ।

नगरप्रमुख शाहीले चेक हस्तान्त्रण गर्दै भूकम्प प्रभावित जिल्लाका नागरिकलाई राहत तथा पुनर्निर्माणका लागि एकद्वार प्रणालीबाट सहयोग गर्न आफूहरुले खाँडाचक्र नगरपालिकाको तर्फबाट राहत रकम प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषमार्फत वितरण होस् भन्ने उद्देश्यले मुख्यमन्त्रीलाई चेक हस्तान्त्रण गरेको बताए । नगर प्रमुख शाहीले भने, 'भूकम्प प्रभावित क्षेत्रमा गएर छुट्टाछुट्टै राहत वितरण गर्दा लक्षित समूहमा नपुग्ने, भुकुम्प प्रभावित नागरिकहरु सबैको घाउमा मल्हम लगाउन नसकिने भएकाले हामीले संस्थागत रुपमा सहयोग गरेका हौं ।'



यसैगरी खाँडाचक्र नगरपालिकाका उपप्रमुख गणेश बहादुर शाही आकासले स्थानीय सरकारको तर्फबाट राहत तथा उद्धारमा कुनै कसर बाँकी नराखी लागेपनि आर्थिक सहयोग गर्न नसकेको बेला नगरपालिकाका सम्पूर्ण वडाहरुको सहयोगबाट पाँच लाख रुपैयाँ प्रधानमन्त्री दैवि प्रकोप सहायता कोषमा जम्मा गर्न मुख्यमन्त्रीलाई चेक हस्तान्तरण गरिएको बताए । उनले भने, 'पूर्वलाई दुःख पर्दा पश्चिमले सहयोग गर्नुपर्छ, पश्चिमलाई पर्दा पूर्वले सहयोग गर्नुपर्छ, त्यसैले स्थानीय सरकारको तर्फबाट सहयोग गरेका हौं ।'

खाँडाचक्र नगरपालिकाको तर्फबाट आएको सहयोग रकमको चेक बुझ्दै कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमार शर्माले अब कर्णालीमा भूकम्प प्रतिरोधी भौतिक संरचना निर्माणका लागि प्रभावकारीरुपमा भवन निर्माण आचारसंहिता लागू गर्नुपर्ने बताए । उनले भने, 'हामीले विगतका विपद्का घटनाहरुबाट पाठ सिक्दै पालिकास्तरबाटै भवन निर्माण आचारसंहिता लागू गरौं । कर्णालीका दश वटै जिल्लाका प्रायः वस्तीहरु भूकम्पबाट सुरक्षित हुने अवस्थाका नभएकाले स्थानीय तथा प्रदेश सरकार र संघ सरकारका जिम्मेवार प्रतिनिधिहरुले समयमै सोच्नुपर्ने बेला आएको छ । पालिकाहरुले आफ्नो पालिकामा बन्ने नयाँ भौतिक संरचनाका साथै स्थानीयका घर निर्माणका लागि भवन निर्माण आचारसंहिता अनिवार्य लागू गर्ने गरी कडाइ गर्नुपर्छ । विज्ञहरुका अनुसार नेपाल भूकम्पको उच्च जोखिममा रहेको छ । आगामी दिनमा भूकम्पका कारण हरेक नागरिकको जीउधनको सुरक्षा गर्न अहिलेबाटै लाग्नुपर्ने बेला आएको छ ।'

सहयोग हस्तान्तरण कार्यक्रममा कर्णाली प्रदेशका भौतिक पूर्वाधारमन्त्री मंगल शाही, उर्जामन्त्री उर्मिला बिक, प्रमुख सचिव चुडामणि पौडेलसहति सरोकारवालाहरुको सहभागिता रहेको थियो । खाँडाचक्र नगरपालिकाको राहत तथा उद्धार टिमले प्रत्येक वडाबाट स्वयंसेवक दल गठन गरी भुकुम्प प्रभावित क्षेत्र जाजरकोट र रुकुम पश्चिम जिल्लामा गएर उद्धार कार्यमा सलग्न गराइ नागरिकका घर टहरा निर्माण गरेको थियो ।


**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०८०/०९/२२**

**कर्ण कंक्रिट प्रिकाष्ट उद्योग प्रा.लि.**को मिति २०८०/०८/२४ गते सम्पन्न विशेष साधारणसभाबाट पारित प्रस्तावको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कर्ण इन्जिनियरिङ्ग प्रा.लि.(प्रा.लि. नं. २७६२२७)** कायम गर्ने गरी मिति २०८०/०९/११ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएको र सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**पिआरओ आवश्यकता**

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO : 5 (Male/Female)
Salary: Negotiable

Requirements:
Minimum 5/6 Years of Experienced in Manpower fields.
Minimum Bachelor's Degree Passed.

Please send your CV: Info@goldenach.com

श्रम इजाजत पत्र नं.: १५३३/०७८/०७९
Golden Achievers International Pvt. Ltd.
Basundhara, Kathmandu
Contact.: 015914478 | 9808752412



Government of Nepal (GoN)

**Tila Rural Municipality**

**Invitation for Online Bids**

**First Date of publication: 07-01-2024 (2080/09/22)**

1. Tila Rural Municipality invites National Competitive Bidding (NCB) or electronic bids from Nepalese eligible bidders for the construction of various works. The estimated amount for the works is mentioned in given following table National Competitive.
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Tila Rural Municipality, Dundeli, Jumla, Karnali Province, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp.

| SN | Contract ID | Description of work | Bid security (NRs.) | Bid document Fee | Estimated Amount (WO VAT and contingency) |
|---|---|---|---|---|---|
| 1. | TRM/Jumla/NCB/Work/080/081-04 | Jyoti Mavi Rasamalapani pakki Bhawan Nirman Aayojana. | 1,25,000 | 3000 | 43,18,358.40 |
| 2. | TRM/Jumla/NCB/Work/080/081-05 | Deurali Ma.Vi. Jumlakot 8 Kothe Pakki Bhawan Nirman | 1,25,000 | 3000 | 44,12,757.80 |
| 3. | TRM/Jumla/NCB/Work/080/081-06 | Devi Deurali Aa.Bi.Puru 6 kothe Pakki Bhawan Nirman. | 1,25,000 | 3000 | 46,73,140.19 |

3. A complete set of Bidding Documents may be purchased from the office Tila Rural Municipality, Raralihi, Jumla, Karnali Province, Nepal and the office Tila Rural Municipality, Raralihi, Jumla, Karnali Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.3000.0 of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nabil Bank Ltd.**
   **Name of Office : Tila Rural Municipality**
   **Office Code no : 801066205**
   **Office Account no : 07201017500243**
   **Rajaswa (revenue) Shirshak no. : 801066205**
4. Pre-bid meeting shall be held at Tila Rural Municipality Raralihi Jumla Karnali Province Nepal at 28-01-2024 13:00 hours.
5. Sealed or electronic bids must be submitted to the office Tila Rural Municipality, Dundeli, Jumla, Karnali Province, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 07-02-2024 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 07-02-2024 14:00 at the office of Tila Rural Municipality Raralihi Jumla Karnali Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the cost of bid security in bank :
   **Bank Name : Nabil Bank Ltd.**
   **Account Name : tila. Gaa.Paa.-3 Sthaniya Taha dhaurati Khata.**
   **Account Number : 07201017500262.**
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२२ पुस २०८०, आइतबार
7 January 2024, Sunday

सम्पादकीय

## सरकारले जित्न नसकेको जनविश्वास

दक्षिणी छिमेक भारतसँगको सम्बन्धलाई लिएर फेरि सरकार आलोचित बनेको छ । भारतीय विदेश मन्त्री जयशंकरको नेपाल भ्रमणका क्रममा भएको द्विपक्षीय सम्झौताका कारणले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार विवादमा परेको छ । परराष्ट्रमन्त्री एनपी साउदले समकक्षी जयशंकरसँग गरेको सम्झौतामा पालिका तहमै २० करोड रूपैयाँसम्मको परियोजना सञ्चालन गर्ने उल्लेख भएपछि चर्को आलोचना भएको हो । प्रमुख प्रतिपक्षी नेकपा एमालेदेखि सत्तारूढकै नेताहरूले समेत यो सम्झौताको विरोध जनाएका छन् । सत्ता साझेदर दल नेकपा एकीकृत समाजवादीका नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले पालिका तहमै २० करोड रूपैयाँसम्म खर्च गर्नेगरी सम्झौता गरेर भारतीय हस्तक्षेप बढाएको टिप्पणी गरेका छन् । अरू सरोकारवाला र कतिपय विश्लेषकहरूले समेत यो सम्झौताको चर्को विरोध जनाएका छन् ।

प्रधानमन्त्री प्रचण्डले भने सिंधै खर्च गर्न नपाउने प्रष्टोक्ति दिएका थिए । यद्यपि भारतीय दूतावासबाट सिधै खर्च हुने रकमको मात्रा ५ करोडबाट २० करोड पुऱ्याइएकोबारे कुनै प्रष्टोक्ति दिइएको छैन । जसले गर्दा सम्झौताप्रति आपत्ति जनाइरहेका पंक्तिलाई प्रधानमन्त्री प्रचण्डले आश्वास्त पार्न सकेका छैनन् । त्यसैपनि भारतसँग हुने सम्झौतालाई लिएर लगातार नेपाली नेताहरूको आलोचना हुने गरेको छ । सत्ताबाट बाहिर हुँदा सवैजसो नेताहरूले सरकारको नेतृत्व गर्नेलाई भारतीय स्वार्थमा चलेको आरोप लगाउने गरेका छन् । अहिले सरकारको नेतृत्व गरिरहेका प्रचण्डले त कुनै बेला भारतविरूद्ध नेपालमा सुरूङ नै खन्ने अभियान चलाएका थिए । सशस्त्र संघर्षका क्रममा भारतलाई विस्तारवादी भनेर जनाउँदै प्रचण्डले सुरूङ युद्ध भनेका थिए ।

तर शान्ति प्रक्रियामा आएपछि लगातार उनी आफैले भारतको स्वार्थमा काम गरेको आरोप खेपिरहेका छन् । केही महिना अगाडि मात्रै प्रचण्डले आफूलाई नेपालको मन्त्री बनाउन दिल्ली धाएको भनेर एक ब्यापारीको प्रशंसा गरेका थिए । त्यसबापत चर्को आलोचना खेपेका प्रचण्डले भारत भ्रमणका क्रममा मध्यप्रदेशस्थित महाकालेश्वर मन्दिरमा गेरूवस्त्र लगाएर थप आलोचना खेपे । तर त्यो भ्रमणमा भारतसँगको सीमा समस्याबारे केही नबोलेको आरोप खेपे । जबकी कालापानीको भूमि समेटेर नक्सा सार्वजनिक गर्ने, संसद् भवनमै लुम्बिनी र कपिलवस्तु समेटिएको मुरल राख्ने जस्ता गतिविधि गरेकाले नेपाली नागरिकमा भारतप्रति सकारात्मक धारणा बन्न सकेको छैन । तर प्रधानमन्त्री प्रचण्डले भने सीमाबारे केही नबोल्ने अनि उल्टै भारतीय स्वार्थ पुरा गर्नतिर लागेको आरोप खेपिरहेका छन् । जसले सरकारप्रति नेपाली नागरिकको विश्वास बढ्न सक्दैन, यसबारे राजनीतिक नेतृत्वले आवश्यक ध्यान दिन जरूरी छ ।

# आत्महत्याको बढ्दो घटना

अग्रलेख



● गम्भीर बहादुर हाडा

बाँच्ने रहर नभई जानीजानी आफ्नो प्राण त्याग्ने कार्यलाई आत्महत्या भनिन्छ । अहिले विश्वभरि नै आत्महत्याको दर बढ्दै गएको छ । विश्व स्वास्थ्य संगठनले सार्वजनिक गरेको अध्ययन प्रतिवेदनअनुसार विश्वमा प्रत्येक तीन सेकेन्डमा एक जनाले आत्महत्याको प्रयास गर्ने, प्रत्येक ४० सेकेण्डमा एक जनाले आत्महत्या गर्ने, एक दिनमा तीन जनाले र वर्षभरिमा आठ लाख व्यक्तिले आत्महत्या गर्ने गरेको तथ्यांक छ । उक्त अध्ययनअनुसार १५ देखि २९ वर्ष उमेर समूहका व्यक्तिको मृत्युको दोस्रो कारण आत्महत्या पाइएको छ । कूल आत्महत्याको ७५ प्रतिशत आत्महत्या न्यून तथा मध्यम आयस्तर भएका देशहरूमा हुने गरेको छ ।

कुनै कारणबाटै हत्या हुन्छ र आत्महत्या पनि त्यसैको सेरोफेरोमा सम्बन्धित छ । हत्याको कुनै कारण खोजी नगरी केवल मृतकको मृत्यु झुण्डिएर भएको मात्र भनिनुमा न्यायिक दार्शनिकता प्रमाणित हुँदैन भन्ने पनि विद्धानहरूकै मत देखिन्छ । आत्महत्याको असफल प्रयास गरेर अस्पतालमा ल्याइएका वा मानसिक स्वास्थ्य केन्द्रमा भर्ना भएका बिरामी एवम् तिनका नातेदारहरूसँग निरन्तरको अन्तरंग कुराकानी मनोविमर्श आदिको अनेक चरण पार गरेपछि नै तिनका मानसिक समस्याबारे निर्क्योलमा पुग्न सकिन्छ । तिनको मासिक स्वास्थ्य वा मनोरोगको अवस्था खुट्टिने गर्छ । विभिन्न अध्ययनअनुसार, विश्वभरि करिब १० लाख व्यक्तिले आत्महत्याका कारण ज्यान गुमाउने गर्छन् । आत्महत्याको प्रयास गर्नेहरू आत्महत्याबाट मृत्युवरण गर्नेभन्दा झन्डै बीस गुणा बढी हुन्छन् । यस्ता अध्ययनमा ९० प्रतिकशतभन्दा बढीमा कुनै न कुनै किसिमको मानसिक समस्या देखिएको छ । हामीले अस्पताल स्तरमा गरेका उपचार सेवा अनि अध्ययन अनुसन्धानको नतिजा पनि यस्ता अध्ययनका निचोडहरूसँग मिल्ने गरेका छन् । त्यसैले मानसिक रोग नै आत्महत्याको प्रमुख कारक रहेको यथार्थलार्य नजर अन्दाज गर्न सकिँदैन ।

आत्महत्या गरेर मृत्युवरण गरिसकेकाहरूको मानसिक अवस्थाको पूर्वव्यापी मनोसामाजिक परीक्षण गर्ने विधि छ । यसका लागि नजिकका परिवार, साथीसङ्गी, सहपाठी, सहकर्मी, छिमेकी आदिसँग अन्तर्वार्ता गर्ने, ती व्यक्तिहरूको बसोबास कार्यस्थल सम्परीक्षण गर्ने तथा तिनका हस्ताक्षर लेखोट डायरीहरूको अध्ययन गर्ने गरिन्छ । तर, यसरी परीक्षण गर्न विभिन्न नीतिगत तथा अनुसन्धान पद्धतिगत बाधा व्यवधान रहने अन्तर्राष्ट्रिय अध्ययनहरूले नै जनाएका छन् । तथ्यांक संकलन, सम्परीक्षण अनि अनुसन्धान प्रविधिमा विशिष्ट दक्षता राख्ने विकसित मुलुकहरूमा त यस्ता पूर्वव्यापी अध्ययनहरूमा समस्या छन् भने हाम्रोजस्तो स्रोत साधनबिहीन, तथ्यांकगत सचेतनाको अभाव भएको मुलुकमा यस्ता अध्ययन सजिलै भैहाल्ने परिकल्पना गर्न सकिँदैन । अतः त्यस्ता अध्ययन अनुसन्धानको सीमितताका कारण पनि तिनमा मानसिक रोग थियो या थिएन भनेर ठोकुवा गर्न नसकिने भएको हो कि ?

जटिल आर्थिक, पारिवारिक, सामाजिक, सांस्कृतिक कारक व्यक्तिगत तनाव, गहिरो संकट, प्राकृतिक प्रकोप, आतंक एवम् महामारी आदिले गर्दा अनि सीमान्तीकृत समुदायमा आत्महत्याको आँकडामा समेत उल्लेखनीय बृद्धि देखिने तथ्य विश्व स्वास्थ्य संगठनले नै उल्लेख गरेको छ । यस्तो अवस्थामा मनोसामाजिक परीक्षण विधिवतरूपमा गर्न नसकिने भएको हुँदा मानसिक समस्याहरू तथ्यपरक रूपमा उल्लेख नहुने सम्भावनालाई नकार्न सकिँदैन । नेपाली समाजमा आत्महत्यालाई एकांकीरूपमा व्याख्या गरेर सामान्यीकरण गर्ने चलन पनि छ ।

डिप्रेसन, मादक पदार्थ सेवनलगायतका कारणले आत्महत्या गर्नेको संख्या बढेको छ । आत्महत्या एउटा औषधीबिहीन सामाजिक रोग भएको चिकित्सक बताउँछन् । आफैंमा विश्वास नहुनु, जीवनदेखि हार खानु र भावी जीवनका लागि असमर्थ हुनेले आत्महत्याको बाटो रोज्ने चिकित्सकको भनाइ छ । आत्महत्या नियन्त्रणका लागि विशेष सचेतना अभियान चलाउनुपर्छ । परिवारमा कोही सदस्यले एकोहोरिने जस्ता असामान्य व्यवहार देखाए परिवारका अन्य सदस्यले तत्काल मनोपरामर्श तथा उपचारमा ध्यान दिए आत्महत्याको दर धेरै कम हुने मनोविश्लेषक बताउँछन् ।

*६ प्रतिव्यक्ति आत्महत्या गर्ने दरका हिसाबले नेपाल विश्वमा सातौं र दक्षिण एशियामा श्रीलंकापछि दोस्रो बढी आत्महत्या हुने देशमा पर्दछ । विश्वमा प्रत्येक एक लाखमा ११ जनाले आत्महत्या गर्ने गर्छन्, तर नेपालमा भने प्रत्येक एक लाखमा २५ जनाले आत्महत्या गर्ने गर्छन् । विगत पाँच वर्षमा नेपालमा २५ हजारभन्दा बढी मानिसले आत्महत्या गरेको सरकारी तथ्यांक छ ।*

गत आर्थिक वर्ष २०७९/०८० को जेठ मसान्तसम्मको तथ्यांकअनुसार झुण्डिएर, विष सेवन गरेर, हाम फालेर, पानीमा डुबेर, हातहतियार औजार प्रयोग गरेर र आगो लगाएर देशभर ६ हजार १ सय ४८ जनाले आत्महत्या गरेका छन् । यसअन्तर्गत झुण्डिएर मात्र ५ हजार २५७ जनाले आत्महत्या गरेका छन् । त्यसमध्ये कोसी प्रदेशमा सबैभन्दा धेरै १ हजार १८८ जनाले झुण्डिएर आत्महत्या गरेका छन् भने बाग्मती प्रदेशमा १ हजार ६६ जना, लुम्बिनी प्रदेशमा ९ सय ७८ जना, मधेस प्रदेशमा ७८० जना, गण्डकी प्रदेशमा ५९७ जना, सुदूरपश्चिम प्रदेशमा ४२४ र कर्णाली प्रदेशमा २२४ जनाले झुण्डिएर आत्महत्या गरेका छन् । त्यस्तै विष सेवन गरेर देशभर ७४२ जनाले आत्महत्या गरेका छन् । देशभर हाम फालेर ४५, पानीमा डुबेर ३१, हातहतियार प्रयोग गरेर १४ र आगो लगाएर ५ जनाले आत्महत्या गरेका छन् । आत्महत्या गर्न दुरुत्साहन गरेको १६१ वटा घटना प्रहरीमा दर्ता भएको छ ।

सम्मानपूर्वक बाँच्न पाउने मानिसको अधिकार हो । इच्छा मरण गर्न पाउनु पर्छ भन्ने बहस पनि चलिआएकै छ । कतिपय मुलुकले इच्छा मरणलाई कानुनी वैधता दिएका पनि पाइन्छ । यद्यपि, कुनैपनि तरहले मर्नका लागी कसैलाई उकास्ने, आत्महत्या गर्न दुरुस्साहन दिने आत्महत्या गर्ने सम्मको परिस्थिति खडा गरिदिई हात्महत्या गर्न बाध्य पार्ने कार्यलाई अपराधीकरणको तहमा राखी त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने व्यक्तिको कार्यलाई दोषी करार गरी सजायको भागिदार बनाउने प्रचलन फौजदारी विधिशास्त्रमा स्वीकृत मान्यताकै रूपमा स्वीकार गरिदै आएको पनि पाइन्छ । 'अपराधीसँगै अपराध मर्छ' भन्ने फौजदारी विधिशास्त्रको सामान्य सिद्धान्त भएपनि आजको युगमा आएर आत्महत्या दुरुत्साहनलाई हतोत्साहित गर्नाका लागि त्यसलाई अपराधका रूपमा परिभाषित गरी सजाय गर्नुपर्छ भन्ने मान्यता प्रचलित र विकसित हुँदै आएको छ ।

प्रतिव्यक्ति आत्महत्या गर्ने दरका हिसाबले नेपाल विश्वमा सातौं र दक्षिण एशियामा श्रीलंकापछि दोस्रो बढी आत्महत्या हुने देशमा पर्दछ । विश्वमा प्रत्येक एक लाखमा ११ जनाले आत्महत्या गर्ने गर्छन् तर, नेपालमा भने प्रत्येक एक लाखमा २५ जनाले आत्महत्या गर्ने गर्छन् । विगत पाँच वर्षमा नेपालमा २५ हजारभन्दा बढी मानिसले आत्महत्या गरेको सरकारी तथ्यांक छ । नेपालमा गएको विनासकारी भूकम्पपछि आत्महत्या गर्नेको संख्या करिब ४१ प्रतिशतले बृद्धि भएको सरकारी तथ्यांक छ । आर्थिक वर्ष २०७६/७७ मा नेपालमा आत्महत्याबाट ६२४१ व्यक्तिको मृत्यु भएको तथ्यांक रहेको छ जबकी आर्थिक वर्ष २०७५/७६ मा ५७५४ जना व्यक्तिको मृत्यु भएको तथ्यांक थियो । नेपालमा एक दिनमा करिब १७ जनाले र प्रत्येक दुई घण्टामा एक जनाले आत्महत्या गरिरहेको दुःखद स्थिति रहेको छ । नेपालमा प्रतिवर्ष १६ प्रतिशत मृत्युको कारण आत्महत्या हुने गरेको छ ।

नेपाल प्रहरीका अनुसार हरेक दिन १६ बढी आत्महत्या हुन्छ । आत्महत्या गर्नेमा ५६ प्रतिशत युवा पर्दछन् । जुन आपराधिक क्रियाकलापबाट हुने कुल मृत्युको ४५ प्रतिशत हो । कारणमा प्रथमतः असफल प्रेम देखिएको छ । बर्सेनी आत्महत्या ८ प्रतिशत बढ्दो छ । आत्महत्याको कारण १५ प्रतिशत पारिवारिक कलह, ७ दशमलव ५ गरिबी, ५ प्रतिशत प्रेममा धोका ३ दशमलव ७ प्रतिशत व्यावसायिक तनाव, २ दशमलव ५ प्रतिशत, असफलता, २ प्रतिशत आर्थिक लेनदेन, १३ प्रतिशत सामाजिक सञ्जाल, २४ प्रतिशत आवेग, १५ प्रतिशत नैराश्यता, मानसिक दीर्घरोग र २४ प्रतिशत कारण नखुलेको आत्महत्या दर्ता भएका छन् । नेपालमा हुने आत्महत्यामा ९० प्रतिशत मानसिक रोगी भएको र ८७ प्रतिशत जनसंख्यामा आत्महत्याको सम्भावना रहने विशेषज्ञ बताउँछन् । १५ देखि ४० वर्ष उमेरका प्रायः पुरुषहरूले गरिबी, निराशा, बेरोजगार, असफल प्रेम, बलात्कार, बालबच्चाको पालनपोषण र उपचार गर्न नसक्नु, अंशबण्डामा किचलो, जुवातास, अत्यधिक मद्यपान, वेश्यावृत्ति, यातना र मानसिक विक्षिप्त भएका कारण आत्महत्या गर्ने गरेको नेपाल प्रहरीको दाबी छ ।

अध्ययनअनुसार नेपालमा आत्महत्या गर्ने मुख्य व्यक्तिहरूमा विवाहित देखिएका छन् । तथ्याङ्कले के देखाएको छ भने नेपालमा बालविवाहका कारणले गर्दा पारिवारिक समस्याले भयावह रूप लिने र आवश्यकता पूरा गर्न पनि हम्मेहम्मे पर्ने हुनाले उनीहरूले आत्महत्या गर्ने गरेका छन् । नेपाल प्रहरीको अनुसन्धानहरूले नेपालमा ७५ प्रतिशत आत्महत्या ३५ वर्षको उमेर समूहमुनिका नै भएको देखाएको छ । ६० प्रतिशत आत्महत्या ३० वर्षमुनिकाले गर्ने देखिएको छ । प्रहरी प्रधान कार्यालयको तथ्याङ्कले नेपालमा भएका आत्महत्यामध्ये ७५ प्रतिशत विवाहितले गरेको देखाइएको छ ।

आत्महत्याको सम्बन्धमा व्यापक र आवश्यताबमोजिम विधिशास्त्रको विकास भएको पाइँदैन र यस सम्बन्धमा व्यापक व्याख्या विश्लेषणसमेत भइसकेको छैन । आत्महत्याको दुरुत्साहन गर्ने पक्ष पीडितका नजिकका व्यक्ति हुने हुनाले प्रथमतः रोकथाम जानकारी हुँदैन र घटनापछि पनि अनुसन्धानको बाटो चुनौतियुक्त छ । अनुसन्धानकर्ता पनि यस किसिमको अनुसन्धानमा निपूर्ण र अनुभवी छैनन् । यो कानुन आएपछि आत्महत्या दुरुत्साहनसम्बन्धी अपराधमा अनुसन्धान गर्दा गहनतम् रूपमा देखिएका, रहेका प्रमाणहरूलाई समेत अनुसन्धानको रोहमा प्रस्तुत गर्ने कि नगर्ने भनी अनुसन्धानकर्ता नै द्विविधामा परी महत्वपूर्ण प्रमाणहरू मुद्दामा सामेल नगरेको अवस्था पनि देखिन्छ ।



## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

भारतले २० करोडको साना योजनाहरू नेपाललाई जनमानसमा आफ्नो छबि राम्रो होस् भन्ने स्वार्थले दिएको हो । तर, भारतले नेपालको वार्षिक बजेट जत्ति नै सहयोग गरे पनि 'भारत खराब छिमेकी राष्ट्र हो' भन्ने भाष्य समग्र नेपालीमा रहनेछ । किनकी नेपालले भारतको हेपाह प्रवृत्ति र नाकबन्दीहरू व्यहोरेको छ ।



**- मुमाराम खनाल**

सबैलाई सरकारका सही सूचना सहज उपलब्ध हुँदैनन् । कैयौं सँगै पढेका साथीहरू सरकारका सचिव छन् । सँगै राजनीति गरेका साथी/भाई/बहिनीहरू मन्त्री छन् । र, अन्य कैयौं नागरिक संस्था, पत्रकार, कुटनीतिज्ञ, बुद्धिजीवी आदिसँग भेटघाट, कुराकानी र छलफल हुन्छ । सबै निराश छन्, अकारण त पक्कै पनि होइन होला !



**- नवराज पन्त**

बिजुली बेचेर नेपाल धनी हुँदैन, टाट पल्टिन्छ ! हामीले दैनिक रु. एक अर्बको इन्धन आयात गरिरहेका छौं भने भोलि बिजुली गाडि ब्याप्त हुँदा हामीले दैनिक रु. एक अर्बकै बिजुली खपत गर्नुपर्छ । ९० प्रतिशत उद्योगमा बिजुली छैन ! तर, नेपालले किन बिजुली बेच्छ ? किन्नेले नेपालसँग किन बिजुली किन्छ ?



**- बिमल पोखरेल**

सीधा कुरा के हो भने भारतले नेपाल आएर आफै विद्युत उत्पादन गर्छ, आफै लैजान्छ । प्राधिकरण र नेपाली कम्पनीले उत्पादन गरेको एक युनिट बिजुली पनि लैजान्न, प्रष्ट छ कुरा । हामीले बिजुली बेच्ने भयौं भन्ने हौवा नपिटेकै राम्रो ! जनता ठग्ने ठगहरू धेरै छन् । यस्तो देश कसरी विकास हुन्छ भन्या ?

# गणतन्त्रमाथि किन प्रश्न ?

विचार



● मुकुन्द चालिसे

'गण' भनेको जनताहरूको समूह हो, 'तन्त्र' भनेको शासन व्यवस्था हो । जनताहरूले समुदाय वा राज्यमा रहँदा बस्दा शिष्टतापूर्वक रहन बस्नको लागि केही निश्चित नियमहरू बनाएर पालना गर्नुपर्ने हुन्छ । तिनै नीति नियमहरूको निर्माण गर्न र पालना गराउन एउटा नेतृत्वको आवश्यकता हुन्छ । त्यो नेतृत्वलाई जनताहरूले आफ्नो अभिमत दिएर एउटा निश्चित अबधिसम्म पालना गराउनको लागि आफ्नै समूहबाट केही ईमान्दार विषय विज्ञ व्यक्तित्वहरूलाई मत दिएर आफ्ना प्रतिनिधिहरू छान्नुपर्छ । त्यसरी छानिएका व्यक्तिहरूमध्येबाट एउटा सानो 'कोर टीम' बनाइन्छ । त्यही टीमलाई सरकार भनिन्छ । त्यो सरकारले शासन सञ्चालन गर्नको लागि आवश्यक पर्ने विधि विधान, नीति, नियम, कानूनहरू बनाउँछ र शासन सञ्चालन गर्छ । हो यही सञ्चालन कार्यलाई तन्त्र भनिन्छ । गणतन्त्रको आधारभूत मान्यता र सारतत्व पनि यही हो ।

ठाउँ र अवस्थाअनुसार यसका स्वरूपहरू अलग-अलग पनि हुन्छन् । हामीले बुझ्न नसकेर, लोभ लालचमा परेर कारणबस वेइमान वा गलत नेतृत्व छानिन गयो भनेपनि पूर्णलोकतान्त्रिक पद्धतिमा मत बहिष्कार अथवा प्रत्याह्वान गरेर हटाउन सकिन्छ, त्यसैले त्यसतर्फ जोड गरौं । त्यसैले सबै बुझक्कड मान्यजनहरूलाई कोही कुनै व्यक्तिसँग रिस उठेको छ, उ व्यक्ति चित्त बुझेका छैन भन्दैमा गणतन्त्र र लोकतन्त्रजस्ता शासन पद्धतिका सुनौला स्वरूपहरूलाई नै इन्कार गर्ने, बदनाम गर्ने, गलत अर्थ लगाउने, उल्टो अर्थ लगाउने, कुरूप तर्क गर्ने जस्ता अनर्गल कुराहरू गर्नु सही होइन । बरु, लोकतान्त्रिक गणतन्त्रको शुद्धिकरण र सुदृढिकरणगर्ने पुनित कार्यमा जुट्नु आवश्यक छ ।

पृथ्वीमा मानवजातिको सृष्टि भएको प्रारम्भिक अवस्था अथवा जङ्गली युगदेखि आजसम्म यही व्यवस्था प्राप्त गर्नको लागि यो पृथ्वी तल भनौं या विश्वभरबाट धेरै होनहार सचेत अग्रज सपुतहरूले जीवन उत्सर्ग गरिसके र धेरै देशहरूमा यसप्रकारको उन्नत लोकतान्त्रिक गणतन्त्र स्थापित भई राष्ट्रहरू समुन्नत भएका छन्, नागरिकहरू सुखी, समृद्ध र खुसी छन् । किनकी ती देशहरूमा श्रमको महत्व छ, श्रमको कदर गरिन्छ, सबैले अनिवार्यरूपमा परिश्रम गर्छन्, सबै परिश्रमी छन्, बसी बसी ठगेर खाने कोही छैन र त हामीहरू, हाम्रा कलिया युवाहरू यहाँ बस्नभन्दा त्यतैजान आकर्षित हुन्छन् र दिनका दिन त्यतै हाम्फाली रहेका छन् ।

के हाम्रो देशमा सबै सुबिधाहरू भैदिएको भए जानुपर्ने बाध्यता, बाध्यात्मक अवस्था हुने थियो ? अहँ, हुने थिएन । बरु अरु अविकसित मुलुकका नागरिकहरू काम खोज्दै नेपालमा आउने थिए भने विकशित मुलुकका धेरै-धेरै नागरिकहरू टुरिष्ट बनेर हाम्रो देशलाई हेर्न घुम्न आउने थिए, हाम्रै राजस्व बढ्ने थियो ।

त्यसै कारणले सबै सचेत नागरिकहरूलाई आग्रह र पूर्वाग्रह त्यागेर अवस्था बदल्नतर्फ लागौं, कुशल तथा सक्षम नेतृत्व चयन गर्ने र स्थापना गर्नेतर्फ जोड गरौं तर, भुलेर पनि लामो त्याग र ठूलो बलिदानीबाट प्राप्त यो लोकतान्त्रिक गणतन्त्र व्यवस्थालाई बदल्ने गलत सोंच कहिँ कतै कसैले पनि नगरौं । त्यो ठूलो ऐतिहासिक भूल हुनेछ । हामीले त्यस्तो महाभूल गरिहाल्यौं यदि भने पनि हामीहरूलाई हाम्रा भावि सन्ततिहरूले सधैँ सधैँ धिक्कार्ने छन् ।

## तपाईंको राशिफल

मेष : शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ । अनावश्यक खर्चको योग छ ।

वृष : स्वास्थ्य लाभ तथा पराक्रममा वृद्धिको योग छ ।

मिथुन : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । व्यापारिक कार्यहरूमा लाभ हुनेछ ।

कर्कट : आहारमा ध्यान पुऱ्याउनु होला । पेटसम्बन्धी समस्याको योग छ ।

सिंह : व्यापारिक कार्यमा प्रगति हुनेछ । स्वास्थ्य लाभको योग छ ।

कन्या : राजकीय कार्यमा वृद्धि हुनेछ । अचल सम्पत्तिमा वृद्धिको योग छ ।

तुला : शैक्षिक कार्यमा प्रगति हुनेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ ।

वृश्चिक : अनावश्यक खर्चको योग छ । आहारमा ध्यान दिनुहोला ।

धनु : काम गर्दा गर्दै अचानक रिस उठ्न सक्छ । पारिवारिक खुशी प्राप्त हुनेछ ।

मकर : आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रूकावट आउनसक्छ ।

कुम्भ : पारिवारिक कार्य सफल हुनेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ ।

मीन : व्यर्थको यात्रा र परेशानीको योग छ । साहसिक कार्य सफल हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# अलपत्र बागमतीको पुल बनाउन माग राख्दै गरिएको धर्ना स्थगित

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २१ पुस



अलपत्र बागमतीको पुल बनाउन माग राख्दै गरिएको धर्ना स्थगित भएको छ । सडक विभागका प्रतिनिधि र धर्नामा बसेका मधेश प्रदेश सभा सदस्य नागेन्द्र साहसहितको टोलीबीच सहमति भएसँग धर्ना स्थगित भएको हो ।

सडक विभागका र सरोकारवाला प्रतिनिधिबीच भएको निर्णय अनुसार धर्नाको कार्यक्रम स्थगित गरिएको मधेश प्रदेश सभा सदस्य साहले बताए । आफूहरुको माग सम्वोधन हुने गरी सडक विभागका प्रतिनिधिहरुले निर्णय गरेको उल्लेख गर्दै उनले अविलम्ब पुलको काम अघि बढाउन आग्रह गरे ।

नेपाल सरकारको मन्त्रिपरिषद बैठकले अविलम्ब उक्त समस्या समाधान गर्न निर्देशन दिएपछि सडक विभागका महानिर्देशकको अध्यक्षतामा बैठक बसेको थियो । विभागका महानिर्देशक सुशीलबाबु ढकाल, हुलाकी राजमार्ग आयोजना निर्देशनालयका निर्देशक अजय कुमार मुल, सडक विभाग पुल महाशाखा सि.डि.ई माधव प्रसाद अधिकारी, कृष्ण राज अधिकारी, सविन जोशी, हुलाकी राजमार्ग आयोजना योजना कार्यालय वीरगञ्ज दिपक कुमार झा, संजय कुमार ठाकुर, सडक विभाग पुल महाशाखाका नरेश प्रसाद केशरीको टोलीले छलफल गरेको हो ।

छलफलमा बागमती (बडहर्वा) पुलको निर्माण कार्यको एक्जेस्टीङ स्ट्रक्चर भेरिफिकेशनको कार्य पुस २१ देखि शुरु गरेर ७ दिनभित्र सम्पन्न गर्ने, पुस १९ गते भएको प्रस्तावित डिजाइनअनुसारको निर्माण कार्य निर्माण व्यवसायीद्वारा अविलम्ब शुरुवात गर्ने, सोही पुलको रिभ्युड डिजाइन ड्रोइङ अविलम्ब स्वीकृतिको लागि सडक विभागमा पेश गर्ने, रिभर ट्रइङ पूर्वपट्टीको कार्य स्पेशिफिकेशन अनुसार करेक्सन गर्ने तथा पश्चिम पट्टीको काम अविलम्ब शुरुवात गरी निर्माण कार्यलाई निरन्तरता दिने निर्णय भएको छ ।

निर्णयमा पुस १९ गतेदेखि १५ दिनभित्र साइटमा निर्माण कार्य नभएमा तथा साइटमा मोबिलाइज नभएकोमा नियमानुसार ठेक्का तोड्ने प्रक्रिया अघि बढाउने उल्लेख गरिएको छ । विगत १३ बर्ष अघि निर्माण थालिएको पुलको काम महालक्ष्मी, विकास, वाईपी जेभीले ५७ करोड ४० लाख ७७ हजार ५ सय एक रुपैयाँमा सकार गरेको हो । ठेकेदारले २०८१ कातिक १० गते काम सम्पन्न गर्ने गरी २०७९ वैशाख ११ गते सम्झौता गरेको थियो ।

यसअघि लुम्बिनी बिल्डर्स प्रा.लि. सिद्धार्थनगरको फर्मबाट पप्पु कन्स्ट्रक्सनले पुलको पिलरको काम गरिसकेको छ । गएको बुधबार रौतहट निर्वाचन क्षेत्र नम्बर १ (क)का मधेश प्रदेश सभा सदस्य नागेन्द्र साहको नेतृत्वमा एक टोली यमुनामाईको बम नहरमा धर्नामा बसेको थियो । सरकारले महत्वाकांक्षी योजनामा हुलाकी राजमार्ग अन्तर्गत बडहर्वाको उक्त पुललाई राखेको सडक विभागले जनाएको छ । पुलको काम ६० प्रतिशतको हाराहारीमा सकिएको हुलाकी सडक आयोजनाको वीरगञ्ज कार्यालयले जानकारी दिएको छ ।

# 'श्रमिकका समस्या सरकार तथा संसदसम्म पुर्‍याउँछु'

**दोहा, कतार/मस-** प्रवासी नेपाली मञ्च कतारको १९औं स्थापना दिवसलाई पूर्वश्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री तथा वर्तमान संघीय सांसद, नेकपा एमालेका केन्द्रीय सचिव गोकर्ण विष्टले सम्बोधन गरेका छन् । कार्यक्रमका प्रमुख वक्ता समेत रहेका विष्टले कतारमा रहेका नेपाली श्रमिकहरूले भोगेका दुःख, कष्ट, समस्यालाई नजिकबाट नियालिरहेको र फर्किदा एउटा असल भरिया बनेर सरकार तथा संसदको ढोका ढकढकाउँदै समस्या समाधानार्थ पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।




उनले श्रमिकहरूका समस्याका सम्बन्धमा यो विचार त्यो विचार वा यो सरकार त्यो सरकार नगरी प्रभाकारी ढंगले सबैले डटेर मुद्दा उठाउन जरुरत रहेको बताए । मन्तव्यकै क्रममा विष्टले नेपाली श्रमिकहरू धेरै जना परिवारको पेट पाल्न को लागि मात्रै पनि बाध्यताको जिन्दगी जिउन बाध्य भएको बताउँदै यसका निम्ति नेपालबाट लाखौं युवा दैनिक वैदेशिक रोजगारीको निम्ति जाने गरेकाले देश युवाविहीन भएको बताए ।

अहिलेसम्म संसारका ४० भन्दा बढी देशमा श्रम गर्न नेपालीहरू पुगेको बताउँदै उनले सन् २०२२ मा कतारबाट मात्रै १ खर्ब पैसा रेमिट्यान्समार्फत भित्रिएको बताए । 'देश धनी हुन सकेन भने नागरिक अन्तर्राष्ट्रिय मञ्चमा सम्मानित हुन सक्दैन, जब सम्म काम गरेर खाने श्रमिकको जीवन स्तर माथि उठ्न सक्दैन तब सम्म त्यो देश माथि उठ्न सक्दैन, त्यो देशले उन्नति प्रगति गर्न सक्दैन,' उनले भने ।

कार्यक्रममा एनआरएनए आईसीसी उपाध्यक्ष राज रेग्मी, प्रवासी नेपाली मञ्च कतार संस्थापक अध्यक्ष कमल मणि गुरागाईं, मञ्चका पूर्व अध्यक्ष, अन्तर्राष्ट्रिय कमिटीका सहसचिव चानक पोखरेललगायत कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरूको विशेष उपस्थिति रहेको थियो । कार्यक्रममा उपस्थितहरूले शुभकामना मन्तव्य राख्दै मञ्चलाई शुभकामना प्रदान गरेका थिए ।

मञ्चका सचिव तथा संगठन विभाग प्रमुख बिनेश तामाङले सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै मञ्चका अध्यक्ष तथा कार्यक्रमका सभापति प्रभात त्रिपाठीले मञ्च कतार श्रमिकको संस्था भएको हुँदा सधैं श्रमिकका समस्याहरू निराकरण गर्नको निमित्त संघर्षको मैदानमा रहने गरेको बताउँदै सिद्धान्तको लागि जीवन होइन, जीवन को लागि यी सिद्धान्त बनेका हुन भन्ने बुझ्न जरुरी रहेको बताए ।

शुक्रबार सनैयास्थित फूलबारी रेस्टुरेन्टको सभा हलमा सम्पन्न कार्यक्रममा मञ्चका उपाध्यक्ष बालकृष्ण भित्रीकोटिले स्वागत मन्तव्य राखेका थिए । कार्यक्रम जनवादी कलाकारहरूले स्वागत गीत सहित शिवराम ढकाल, रेस्मी विश्वकर्मा, मनिष कुमार गोस्वमि लगायतले देश प्रेमले ओत प्रोत भएका भावनाका 'राष्ट्रियता साट्दैनौं हामी', तथा मैथिली र भोजपुरी गीत प्रस्तुत गरेका थिए ।

# बागलुङ सेवा समाज दोहा कतारको नेतृत्वमा निराजन सर्वसम्मत चयन



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २१ पुस

बागलुङ सेवा समाज दोहा कतारको तेह्रौं अधिवेशन सम्पन्न भएको छ । शुक्रबार दोहाको नज्मामा रहेको एसियन रेस्टुरेन्टको सभा हलमा समाजका अध्यक्ष सन्तोष पौडेलको सभापतित्व तथा गैरआवासीय नेपाली संघ कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा अधिवेशन सम्पन्न भएको हो ।

खुल्ला र बन्द सत्र गरी दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट निराजन गौतमको नेतृत्वमा सर्वसम्मत आगामी एक कार्यकालका लागि नयाँ कार्यसमिति चयन भएको छ । कार्यसमितिको प्रथम उपाध्यक्षमा टेक रसाइली, द्धितीय उपाध्यक्षमा चेतन पुन, तृतीय उपाध्यक्ष ईश्वर सापकोटा, सचिव मदन जिसी, सहसचिव सुवास पौडेल, कोषाध्यक्ष कृष्ण गिरी, सह-कोषाध्यक्ष दीपक चालिसे रहेका छन् ।

कार्यसमितिका सदस्यहरूमा शारदा गिरी, डोलेन्द्र सुवेदी, जाल बहादुर पुन, टोपलाल जैसी(गोपाल) सुनिल गौतम, बाबुराम नेपाली (बाबु कौसल) दिपक कँडेल, तारा कुवर र थम बहादुर वि.क रहेका छन् । नयाँ कार्यसमितिलाई निर्वाचन समितिका संयोजक केदार पौडेलले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

खुल्ला सत्रमा समाजका सचिव निराजन गौतमले प्रगति प्रतिवेदन पेस गरेका थिए । गौतमले २ वर्षे कार्यकालभित्र बागलुङ नगरपालिका ७ बाटुलेका जन्मजात अपाङ्ग दाजु बहिनी २९ वर्षीय खेमलाल जैसी र २७ वर्षीया देवी जैसीको उपचार र लत्ताकपडा खरिद गरिएको, बढिगाड गाउँपालिका ६ का एकै परिवारका नाबालिका मृगौला पीडित पवित्रा मगर र ब्रेन ट्युमर रोगबाट पीडित सावित्रा मगरलाई आर्थिक सहयोग गरिएको, जनताधन माध्यामिक विद्यालयमा अध्ययनरत दृष्टिविहीन विद्यार्थीहरूको लागि संगीतका वाद्यवादन सामग्री खरिद, कक्षाकोठा व्यवस्थापन र शुद्ध पिउने पानी व्यवस्थापन गरिएको उल्लेख गरे ।

त्यस्तै समाजले रक्तदाता संघ कतारको समन्वयमामा कतारको हमाद मेडिकल अस्पतालमा रक्तदान कार्यक्रम गरेको, बागलुङ जिल्ला बडिगाड गाउँपालिका ७ स्थित डाँडा गाउँ र देविस्थानका विद्यालयको पहुँचबाट टाढा रहेका स-साना बालबालिकाहरूको पठनपाठनमा सहयोग पुगोस् भन्ने उद्देश्यले उक्त ठाउँका १८ जना बालबालिकाहरूलाई दैनिक पढ्ने वातावरण मिलाउन समाजका सचिव निराजन गौतमले आफ्नो घरमा कक्षाकोठा उपलब्ध गराएपछि समाजले एक वर्षसम्मको शिक्षकको पारिश्रमिकको व्यवस्था गरेको जानकारी दिइएको थियो ।

जाजरकोट र पश्चिम रुकुमका भूकम्प पीडितको लागि गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारको अभियान तथा गण्डकी प्रदेश समन्वय परिषद्को समन्वयमा गरिएको आर्थिक राहत संकलन अभियानमा समाजले आर्थिक सहयोग गरेको प्रगती प्रतिवेदनमा उल्लेख गरिएको छ ।

उपाध्यक्ष टेक बहादुर रसाइलीले स्वागत मन्तव्य राखेको खुल्ला सत्रमा अन्तर्राष्ट्रिय बागलुङ सेवा समाजका उपाध्यक्ष केदार पौडेलको विशेष आतिथ्यतासहित कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको विशेष उपस्थिति रहेको थियो । दुई दर्जन भन्दा बढी वक्ताहरूले शुभकामना मन्तव्य राख्दै समाजले गरेको कार्यसम्पादनको प्रशंसा गरेका थिए । अधिवेशनमार्फत संस्थाका विविध गतिविधिहरूमा विशेष सहयोग पुर्‍याउने समाजका प्रमुख सल्लाहकार टिका कार्की, सल्लाहकार तेजेन्द्र गैरे, लोक तथा दोहोरी गायक रामजी नेपाली र एनआरएनए एनसीसी कतारका महासचिव रविन मगरलाई दोसल्ला तथा मायाको चिनोले सम्मान गरिएको थियो ।

समाजले एक कार्यकाल भरीमा ४९ हजार ५ सय १६ रियाल आम्दानी गर्दै ४९ हजार २ सय २९ रियाल खर्चेको आयव्यय विवरण पेस गरेको थियो । बाबु कौसलले बागलुङको चिनारी समेटिएको गीत प्रस्तुत गरेका थिए । कार्यक्रममा आफ्नो मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले बागलुङेहरू नपुगेको कहीँ नभएको बताउँदै सबै मिलेर अगाडि बढ्नुपर्ने बताए । उनले बागलुङ विविधिताले भरिएको जिल्ला भएको हुँदा पर्यटनको प्रशस्त सम्भावना रहेको बताए । खेलकुदको जिल्ला भनेर चिनिने बागलुङले खेलकुदलाई भविष्यमा थप सशक्त बनाएर लैजान प्रतिबद्धता व्यक्त गरे ।

समाजका सल्लाहकार तथा लेखा समिति सदस्य तेजेन्द्र गैरेले सहजीकरण गरेको खुल्ला सत्रको समापन गर्दै सभापति पौडेलले आफू दुई कार्यकाल अध्यक्ष बन्दै गर्दा कतिपयको मनमा चिसो पर्‍यो कि भन्ने चिन्ताले आफूलाई सताउने गरेको बताए । उनले पैसाले मात्र समाजसेवा नहुने बताउँदै बाटो बिराउँदा मार्ग निर्देशन पनि एक किसिमको समाजसेवा हुने बताए । उनले संस्थापकदेखि वर्तमान कार्यसमितिका सबै पदाधिकारीहरुप्रति कृतज्ञता प्रकट गरे ।

### भाग्यशाली चिठ्ठाको नतिजा सार्वजनिक

समाजले आफ्नो स्थापना दिवसको अवसर पारेर सन् १५ अप्रिल २०२३ मा स्थापना गरेको अक्षय कोषको मूल रकम वृद्धिको लागि सञ्चालन गरेको भाग्यशाली चिठ्ठाको नतिजा अधिवेशनमा सार्वजनिक गरेको छ । कार्यक्रमका प्रमुख अतिथि भट्टले बन्द बाकसबाट सान्त्वना पुरस्कारबाट अर्धकट्टी निकाल्न शुरु गरेका थिए । सार्वजनिक गरिएको नतिजा अनुसार सान्त्वना पुरस्कार अन्तर्गत रहेका ६ वटा वाटर केट्ली क्रमशः सिताराम थापा टिकट नम्बर ५०१, सुमिता विष्ट टिकट नम्बर ११७, निर्म मगर टिकट नम्बर ७५३, विक्रम कार्की टिकट नम्बर ६१७, केदार पोखरेल टिकट नम्बर ६८९ र तनहुँ सेवा समाज टिकट नम्बर ३४१ ले जितेका छन् । त्यस्तै तेस्रो पुरस्कार अन्तर्गतको स्मार्टवाच चण्डी प्रसाद शर्मा टिकट नम्बर ९२३, द्धितीय पुरस्कार नारायण श्रेष्ठ टिकट नम्बर ८२८ ले जितेका छन् । प्रथम पुरुषकार १० ग्राम सुन म्याग्दी जिल्ला बेनी नगरपालिका वडा नं. १० का रमेश पौडेलले जितेका छन् । पौडेल मोना कतारका संरक्षक समेत हुन् ।


## Khotehang Rural Municipality
## Office Of The Rural Municipal Executive
Khotang bazar, Khotang
Koshi Province, Nepal

### Invitation For Bids

**Date Of Publication:-2080/09/22(07th Junuary,2024)**

Khotehang Rural Municipality,Khotang invites single stage single Envelope Electronics Bids from eligible bidders for the construction of works mentioned in the table below under national competitive bidding procedures. Bidders should deposit the fee of bidding documents in the office account as specified below :-
Name of Bank:- Rastriya BanijyaBank,Khotang Bazar
Name of Office:-Khotehang Rural Municipality,Khotang
Office Account No:-2380100301010001
Rajasaw shirshak no:-14229

| S. N. | Contract No | Name of works | Estimate Amount NRS with VAT and PS | Bid Security NRS | Bid Document Fee NRS |
|---|---|---|---|---|---|
| 1 | KRM/Works/ NCB-05/2080-081 | Khotang Pamakham Bhanjyang SadakSanrachanaNirman(Nigal e -Sawakhola section) | 91,56,290.49 | 2,29,000.00 | 3,000.00 |
| 2 | KRM/Works/ NCB-06/2080-081 | RasuwapandhareSadakSanrachanaNirman second | 93,30,743.81 | 2,33,000.00 | 3,000.00 |

| S.N | Last Date and time for Bid Submission | Date and Time For Bid Opening |
|---|---|---|
| 1 | 2080-10-23(2024-02-06) Time within12:00 hr | 2080-10-23(2024-02-06) Time After13:00 hr |

Eligible Bidders may visit PPMO website www.bolptra.gov.npppmo e-procurement section for further information or contract Khotehang Rural Municipality at email: khotehangmun@gmail.com

**Chief Administrative Officer**

## PANCHKHAL MUNICIPALITY
## OFFICE OF MUNICIPAL EXECUTIVES
PANCHKHAL, KAVREPALANCHOK
BAGMATI PROVINCE, NEPAL

### Invitation for Bids

**Date of publication: 2080/09/22**

**Panchkhal Municipality invites electronic bids from Nepalese eligible bidders for the construction works (as mentioned in the table below) under National Competitive Bidding procedures.**

| S. N. | IFB NO. | Description of work | Estimated Amount (with VAT & PS ) NRs | Bid security amount(NRs) | Bid document fee (NRs) |
|---|---|---|---|---|---|
| 1 | PMUN/NCB/WORKS/ COMPOUND/ 01/2080/081 | PANCHKHAL MUNICIPALITY OFFICE COMPOUND WALL CONSTRUCTION | 63,99,788.67/- | 1,50,000/- | 3,000/- |

| code | Name of the bank, office account no | Time and place for Pre-bid meeting | Last date for bid submission | Bid opening date | Bid/ Bid security Validity period (days) |
|---|---|---|---|---|---|
| Office code 30-365-15 Rajashwa Shirshak no. **11691** | Nepal Bank ltd., Panchkhal Branch 12403000001001000001 **( ग१.१ पाँचखाल न. पा., आन्तरिक राजश्व खाता)** (for bid fee) 12403000003000000001 (for bid security) **धरौटी खाता** | Panchkhal Municipality Office at 2:00 PM, 2080/10/11 | on or before 12:00 Noon on 2080/10/24 | 2080/10/24 at 1:00 PM, at the office of Panchkhal Municipality. | 90/120 |

Eligible Bidders may obtain further information at the office of Panchkhal Municipality, Panchkhal, **panchkhal.municipality@gmail.com**, **011499453** or may visit PPMO website **www.bolpatra.gov.np/**egp.

# समयानुकुल शान्ति सुरक्षाका चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था छ : महानिरीक्षक अर्याल

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, २१ पुस

सशस्त्र प्रहरी बल नेपालका प्रहरी महानिरीक्षक राजु अर्यालले नयाँ प्रविधिसँगै अपराधका किसिम पनि फरक तरिकाबाट बढी रहेको बताएका छन् । २०६४ सालको संविधानसभा निर्वाचनदेखि जुम्लामा बस्दै आएको सशस्त्र प्रहरी बल नम्बर ३३ गण हेडक्वाटर त्रिपुरा जुम्लाको नयाँ भवन उद्घाटन गर्न जुम्ला पुगेका महारीक्षक अर्यालले यस्तो बताएका हुन् । उनले भने, 'बद्‌ढो सहरीकरण,जनसंख्या वृद्धिसँगै सुरक्षा चुनौतीहरुको सामना गर्नुपर्ने अवस्था आएको छ । सशस्त्र प्रहरी शान्ति सुरक्षामा समयानुकुल लाग्न जरुरी छ ।' प्राथमिकतामा राखेर सशस्त्र प्रहरी बल जुम्लाको समस्याको समाधान गरिने उनले बताए ।



त्यस्तै सशस्त्र प्रहरी बलको तातोपानीगाउँपालिका ५ मा ब्यारेक बनेको छ । तातोपानी गाउँपालिकाले २२ हजार वर्गमिटरको जग्गा उपलब्ध गराएको सशस्त्र प्रहरी बलका एसपी चेतराज जोसीले बताए । उनका अनुसार स्थानीयको समन्वयनमा तातोपानीगाउँपालिका सशस्त्र प्रहरी बल नम्बर ३३ गण हेडक्वाटर त्रिपुरा जुम्लालाई जग्गा दिइएको हो ।

सशस्त्र प्रहरीले लामो समयदेखि जग्गा खोज्दै आएको थियो । तर अझैँ पनि जग्गामा भौतिक संरचना अभाव हुने देखिएको छ । उनले सबै सँगको सहयोग, सहकार्यमा यो संरचना बनाउन सफल भएको बताए । उनका अनुसार चारवटा पक्की भवन बनेका छन् । यसअघि ब्यारेक नहुँदा कहिले एयरपोर्ट, कहिले सीडीओ कार्यालय, कहिले महिला तथा बालबालिका कार्यालयमा कहिले कर्मचारी आवासमा बसेर दिन गुजार्नुपर्ने अवस्था थियो । अबदेखि फौजीको हिसाबले भन्दा पनि गण भएकाले बसेको सशस्त्र प्रहरीले जनताको सुरक्षामा अब्बलता प्रदर्शन गरिरहेको जोशीले बताए ।

सशस्त्र प्रहरीका एसपी जोसीले यो संरचना निमार्णमा सहयोग गर्ने स्थानीय सरकार, जग्गादाता लगायत सबैलाई सम्मान गरेका छन् ।

त्यस्तै तातोपानी गाउँपालिका अध्यक्ष नन्दप्रसाद चौलागाईंले आफ्नो एक मिसन पूरा भएको बताए । उनले शुरुदेखि एक कार्यकर्ताको रुपमा सशस्त्र प्रहरीको संरचना बनाउन जोड दिएको थिए ।

हिमा गाउँपालिकाका अध्यक्ष लक्ष्मण शाहीले सो भवन उद्घाटनको लागि प्रमुख अथितिका रुपमा जुम्ला पुगेका महानिरिक्षक अर्याललाई खस सभ्यताको उद्‌गम स्थल जुम्लाका स्वागत गरेका थिए । उनले तिला, हिमा, सिजा र कनका सुन्दरी गाउँपालिकाको लागि सशस्त्र प्रहरीको पोस्ट छुट्टै खडा गरिदिनका लागि अनुरोध गरे ।

त्यस्तै प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरेले सशस्त्र प्रहरीको भवन सरकारी संरचना यतिछिटो छरिटो बन्नेको भन्दै उदाहरणीय भएको बताए ।

त्यस्तै सशस्त्र प्रहरी वल नम्बर ३३ गण त्रिपुरा जुम्लाको सुविधायुक्त भवनहरु साढे चार करोड बढीको लगानीमा निर्माण भएको एसपी चेतराज जोशीले बताए । उनका अनुसार कार्यालय भवन, जवान ब्यारेक, जवानको क्वार्टर गार्ड र गणपति निवास लगायतका संरचना कुल ४ करोड ५२ लाख ३९ हजार १३९ रुपैयाँ लगानीमा निर्माण भएका छन् । निर्माण कम्पन्नीले अझैँ १ करोड ११ लाख ५८ हजार २९३ रुपैयाँ भुक्तानी पाउन बाँकी रहेको छ । यो संरचना बनाउन कनकासुन्दरी र गुठिचौरगाउँपालिका बाहेकका अरु पालिकाले सहयोग गरेका थिए । त्यस्तै संघीय सरकारबाट बजेट सुनिश्चित भएपछि २०७९ १७ गते सम्झौता भइ २०८० पुस १७ गते निर्माण सम्पन्न हुने सम्झौता अनुसार निर्माणको ठेक्का पाएको (ओम बज्रहरी जेभी) कम्पनीले निर्धारित ११ महिनामै काम सम्पन्न गरेको छ । यो भवन गत आर्थिक वर्षको फागुन २५ गते शिलन्यास भएको थियो । यस चालु आवको असोज २५ गते हस्तान्ततरण गरिएको थियो ।

त्यस्तै शनिबार भएको भवन उद्घाटन कार्यक्रममा सशस्त्र प्रहरीका कर्णाली प्रदेशका डिआइजी प्रदिव कुमार पाल, सशस्त्र प्रहरी परिवार महिला संघ कर्णाली प्रदेशका अध्यक्ष भुवानेश्वरी पाल, पालिकाका प्रमुख, सरकारी तथा गैरसरकारी कार्यालयका प्रमुख प्रतिनिधिको सहभागिता रहेको थियो ।

## गाँजासहित एक जना पक्राउ

**सप्तरी/मस-** खडक नगरपालिका-७ कल्याणपुर चोकबाट १० क्वीन्टल ६ किलो अवैध लागुऔषध गाँजा र १ लाख रूपैयाँसहित एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा धनकुटा सहिदभूमि गाउँपालिका-४ बस्ने ३२ वर्षीय विषेश राई रहेका छन् । जिल्ला प्रहरी कार्यालय सप्तरी र ईलाका प्रहरी कार्यालय कल्याणपुरबाट खटिएका संयुक्त प्रहरीले बालुवा लोड भएको को.१ ख ५८३१ नम्बरको टिपरलाई जाँच गर्ने क्रममा बालुवाभित्र लुकाई छिपाई २८ वटा बोरामा राखेको उक्त परिमाणको गाँजा सहित पक्राउ गरेको हो ।

## Invitation for Bids

**Sonama Rural Municipality**
**Office of Rural Municipal Executive**
**Sonama, Mahottari**
**Madhesh Province, Nepal**

### Invitation for Bids for the Procurement of different works and goods

**Date of publication: 2080/09/22 (7th Jan 2024)**

1. **Sonama Rural Municipality, Office of Rural Municipal Executive, Sonama** invites electronic bids from Nepalese eligible bidders for the Procurement of different works and goods under National Competitive Bidding/Sealed Quotation procedures.
2. Eligible Bidders may obtain further information, visit PPMO website **www.bolpatra.gov.np/egp.**
3. Bidder submit their bid electronically download the bidding documents for e-submission from PPMO's Web Site **www.bolpatra.gov.np./egp,**. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajashwa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank :**
   **For Purchase of Bid document**
   **Name of the Bank :** NMB Bank Ltd **Name of Office :** Sonama rural municipality
   **Office Code no. :** 801021815 **Office Account no. :** 1160073372500029
   **For Cash/Bank guarantee**
   **Name of the Bank :** NMB Bank Ltd **Name of Office :** Sonama rural municipality
   **Office Code no. :** 801021815 **Office Account no. :** 1160073372500041
3. Rural Municipality has right to accept or reject fully or partially without any reason. All the procurement process will be according to procurement act 2063 and regulation 2064.

| S. N. | Description Of works | Estimated Amount Nrs. (Without vat and contingencies) | Bid Document Fee Nrs. | Bid Security Fee Nrs. | Last date of bid Submission | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Procurement of Medicine and medicine related goods (SRM/SQ/Goods/01/080-081) | 49,25,349/00 | 1000/- | 125000/- | 2080-10-08 at 12:00 hrs | E-Bid only |
| 2 | Installation of Tube well. (SRM/NCB/Works/02/080-081) | 60,31,842/56 | 3000/- | 155000/- | 2080-10-23 at 12:00 hrs | |
| 3 | Procurement of Stationary Items (SRM/NCB/Goods/03/080-081) | 18,40,115/00 | | 50000/- | 2080-10-23 at 12:00 hrs | |

**Chief Administrative Officer**

# हुम्लामा उत्पादित महले पाएन बजार

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २१ पुस

हुम्लामा उत्पादन भएको महले बजार नपाउँदा किसान मर्कामा परेका छन् । मह उत्पादन राम्रो भएपनि बजार नपाएपछि मह गाउँ फर्काउनु परेको सिमकोट ७ का राम सिंहले बताए । आफुले मात्र महको मूल्य नपाएको भन्दै उनले जिल्लामा मह उत्पादन गर्ने सम्पूर्ण किसानको मर्का आफ्नो जस्तै भएको बताए । आफुले वार्षिक पाँच सय लिटर मह उत्पादन गर्दै आएपनि बजार नपाउँदा दुई तीन वर्ष पुरानो हुँदा समेत थन्क्याएर राख्नु परेको बताए । बजारमा एक किलो महको मूल्य १२ सय देखि १५ सय रुपैयाँसम्म बिक्री हुन्छ, तर अघिल्लो वर्ष दुई हजारसम्म बिक्री भएको मह अहिले सस्तो हुँदा किसानले बिक्री नगरेका अर्का स्थानीय किसान सार्की शाहीले बताए ।



उनले भने,'वर्षामा मौरी जोगाउन सजिलो हुने भएपनि हिउँदमा मौरीका घार जोगाउन धौँ-धौँ हुन्छ । मेहनत गरेको फल आउन छोड्दा मौरी पालन संकटमा पर्ने गरेको छ ।' शाहीसँग अहिले करिब ३० घार छन्, तर हिउँदमा चिसोका कारण र मौरीलाई चारो नहुँदा वर्षेनी ५ वटा घार खेर जाने गरेको छ ।

हुम्लामा मौरी पालन धेरै भएपनि मौरीको रोग, चारोको कुनै व्यवस्था नहुँदा वर्षेनी किसानले घारमा किरा लाग्ने, छालो लाग्ने, चिसोका कारण मौरी मर्ने समस्या भोग्ने गरेको स्थानीय छिमी लामाले बताए । मौरी पालनसँगै मह बजारीकरणमा स्थानीय सरकारले जोड दिनुपर्ने उनको भनाइ छ । मौरी पालन जिल्लाका सात वटै स्थानीय तहका नागरिकले गर्दै आएको भएपनि उत्पादन गरेको महले बजार नपाउँदा मौरी पालन संकटमा जानु स्वभाविक देखिएको जिल्ला कृषि विकास कार्यालयको स्रोतले जनाएको छ ।


## यूएई स्थित सुपरमार्केटको FOOD COURT मा FREE VISA, FREE TICKET को रोजगारको अवसर

**कम्पनी : FINE FARE FOOD MARKET L.L.C** **शहर : DUBAI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०९ LT. No.: 289574 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 37 | 30 | सम्बन्धित काममा दक्ष | 2025 | ७३,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Sales Officer | 51 | 20 | | 2025 | ७३,१८४ | | | | | | | |

**कम्पनी : SPINNEYS ABU DHABI LLC** **शहर : ABU DHABI**
पूर्व स्वीकृत मितिः २०८०/०४/०२ चलानी नं.: ६०२०४८०८ LT. No.: 289573 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 236 | 35 | स. काममा दक्ष | 2025 | ७३,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष २३ र २४ गते (8 & 9 January 2024) मा हुनेछ ।

न्यूनतम SLC Pass भई अंग्रेजी भाषा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ ।
उमेर २१ वर्ष पुरा भई ३० वर्ष ननाघेको, COOK, BARISTA, DELI/BAKERY र BUTCHER को हकमा ३५ वर्ष सम्मको र शरिरमा ट्याटु नभएको हुनुपर्नेछ ।
CHEF, COOK, BARISTA, DELI/BAKERY, KITCHEN STAFF, COFFEE SHOP, FAST FOOD, RESTAURANT STAFF, WAITER, KITCHEN WORKER, BUTCHER. सम्बन्धी काम जानेकालाई विशेष प्राथमिकता । फाराम आफ्नै हस्ताक्षरले भर्नुपर्नेछ र अन्यले भरे दर्ता गरिने छैन । कुनै पनि नक्कली प्रमाणपत्रहरू पेश गरिएका प्रमाणपत्रहरूबाट पर्न सक्ने कुनै पनि कानूनी कारवाहीको जिम्मेवारी निवेदक आफै हुनुपर्नेछ तथा अन्तरवार्तामा सक्कल राहदानी, शैक्षिक प्रमाण पत्र तथा सम्बन्धित कामको अनुभवको प्रमाण पत्र लिई उपस्थित हुनुपर्नेछ ।

नोटः प्रि तथा फाइनल अन्तर्वार्तामा आउँदा आफ्नो बायो डाटा, अनुभव, राहदानी र शैक्षिक प्रमाण पत्रको प्रतिलिपी लिई उपस्थित हुनुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले तिर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचालमा सम्पर्क गर्नुहोला । ८. छनौट भई भिषा प्राप्त गरिसकेका व्यक्तिहरुले उक्त रोजगारमा जान नचाहेमा भिषा वापत लाग्ने शुल्क क्षतिपूर्ति दिनुपर्नेछ ।

श्रम इजाजत नं. ३४८/०५९/०६०

## न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.

पो.ब.नं ५६४५, धुम्बाराही हाइट, धुम्बाराही, काठमाडौं, नेपाल, फोनः 01 4544928 | 4544 330
Mobile: 9866298734 | 9761897444 | 9841338351
Email: newgurkhasintl@gmail.com./ Whats App No: +977 9866298734.


## Guthichaur Rural Municipality
## Office of the Rural Municipality Executive
**Dhalmudi, Jumla**

### Invitation for Bids

**Invitation for Bids No: NCB/080-081/GRM1**
**Date of publication: 2080/09/22**

1. Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of Nasila Dekhi Manisanghu Samma Nadi Niyantran. under National Competitive Bidding procedures. The estimated amount for the works isas following table.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of [Guthichaur Rural Municapility, dhaulmudi Jumla, bhandaridipendra019@gmail.com, 9843951496] or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the PPMO website www.bolpatra.gov.np/egp. Or Bidder who chooses to submit their bid electronically may of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Laxmi Sunrise Bank Ltd**
   **Name of Office : Guthichaur Rural Municipality, Jumla**
   **Office Code no. : 801066203**
   **Rajaswa (revenue) Account no. : 0780489611701001**
4. Pre-bid meeting shall be held at Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla at 2080/10/15, 2:00 pm
5. electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 pm on 2080/10/23 Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence or not of Bidders' representatives who choose to attend at 14:00, 2080/10/23 at the office of Guthichaur Rural Municipality, Dhalmudi-04, Jumla. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs. 2,50,000 (two lakh fifty Thousand only.) of estimated amount inclusive VAT)], which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The power of Authority of this bid-document with Guthichaur Rural Municipality.

| S.N | Contract identification | Name of Project | Estimated Amount (including VAT and Contingency) Nrs. | Bid Security amount Nrs. | Bid document Fee (Non Refundable ) Nrs |
|---|---|---|---|---|---|
| 1 | NCB/080-081/GRM1 | Nasila Dekhi Manisanghu Samma Nadi Niyantran | 99,99,948.11 | 2,50,000 | 3,000.00 |

**Chief Administrative officer**

# रेलमा आगजनी गरेको आरोपमा बीएनपी नेतासहित सात पक्राउ

**काठमाडौं/एजेन्सी–** बंगलादेशको प्रहरीले खचाखच भरिएको रेलमा आगजनी गरेको आरोपमा विपक्षी दलका सात सदस्यलाई शनिबार पक्राउ गरेको छ । शुक्रबार राति ढाकाको मध्य भागमा रहेको 'इन्टरसिटी बेनापोल एक्सप्रेस' रेलमा भएको आगलागीमा सयौंको संख्यामा यात्रुलाई जलिरहेको गाडीबाट बाहिर निकाल्न हम्मेहम्मे परेको थियो ।

विपक्षी बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी) ले आइतबार हुने राष्ट्रिय निर्वाचनको पूर्वसन्ध्यामा गरेको 'विध्वंसकारी कार्य'मा सम्लग्न बीएनपीका वरिष्ठ नेता नबीउल्लाह नाबी र पार्टीका अन्य छ जना कार्यकर्तालाई शनिबार बिहान राजधानीबाट पक्राउ गरेको प्रहरीले जनाएको छ ।

ढाका महानगरीय प्रहरीका प्रवक्ता फारुक हुसेनले एएफपीसँग फोनमा भने, ' नाबीले बीएनपीको हिंसात्मक आन्दोलनमा आर्थिक सहयोग गर्नुभएको थियो ।' बीएनपी र अन्य दर्जनौं विपक्षी दलले आइतबारको मतदान बहिष्कार गरिरहेका छन्, जसलाई उनीहरूले लामो समयसम्म प्रधानमन्त्री रहेकी शेख हसिनाको शासनलाई कुण्ठित गर्न योजना गरिएको 'ढोङ' भएको बताएका छन् ।

सो पार्टीले आगलागीको जिम्मेवारी लिएको भन्ने आरोपको खण्डन गर्दै घटनाको अन्तर्राष्ट्रिय छानबिनको माग गरेको छ । पार्टीका प्रवक्ता एकेएम वाहिदुज्जमानले एएफपीसँग भने, 'बीएनपीको अहिंसात्मक आन्दोलनलाई बदनाम गर्ने उद्देश्यले सरकारी पदाधिकारीहरूले गरेको यो पूर्वनियोजित विध्वंसात्मक कार्य हो । हाम्रो पार्टीका प्रमुख तारिक रहमानले सरकारले निर्वाचनबाट जनताको ध्यान अन्यत्र मोड्न यस्तो षड्यन्त्र गरेको हुनसक्ने बताउनुभएको छ ।'

ढाका अस्पतालका वरिष्ठ अधिकारी सामन्तलाल सेनका अनुसार आगलागीमा परी पाँच जनाको मृत्यु भएको छ भने आठ जना गम्भीर घाइते भएका छन् ।

## Kakani Rural Municipality
## Office of Rural Municipal Executive
### Ranipauwa, Nuwakot

**(Notice No. 02/SQ/KRM/Furniture/2080-81)**

Date of publication: 2080-09-22

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive, Ranipauwa Nuwakot invites open Competitive Bidding From Eligible Bidders for the following works under Sealed Quotation(goods) .

| Contract No. | Description (goods) | Estimate amount with VAT NRs | Bid Security Amount,NRs. | Bid Security Validity Period | Price of Bid Document NRs. | Last Date of Submission | Bid Opening Date And Address |
|---|---|---|---|---|---|---|---|
| 02/SQ/KRM/ Furniture/2080-81 | Purchasse of Library Furniture Supplies | 1247520.00 | 32000 | 45 days/ | 1000 | 2080/10/8 12:00 Hrs. | 2080/10/8,13:00 Hrs. at office of municipal executive, Kakani, Ranipauwa |

2. Details of Bank for Cost for Bid Document Agricultural Development Bank. Ranipauwa Branch,Office Account no:0213401251034093 (Kakani rural municipality Rajaswokhata) & Cash Deposit for Bid SecurityAgricultural Development Bank. Ranipauwa Branch, deposit Account no:0213401251034042
   Name of the Office : Kakani rural municipality, Office of municipal Executive, Ranipauwa, Nuwakot
3. Eligible Bidders are advisedto visit e-GP portal of PPMO'Swebsitewww.bolpatra.gov.np/egpfurther Details or may Contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa,Nuwakot,Telephone :010-411022 and mailing Address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement ACT-2063 and public procurement regulations-2064 and prevailing regulations and latest amendment.

**Chief Administrative officer**

## Pathivara Yangwarak Rural Municipa,lity
## Office of Rural Municipal Excecutive
### Thechambu, Taplejung
### Koshi Provience, Nepal

## Invitation for Bids For Following Works

**Date of publication: 2080/09/22 (07th *Jan, 2024)***

The Pathivara Yangwarak Rural Municipality has allocated funds towards the cost of Construction Kerabari Dada Gaau Purne Dada Khanepani Nirman,Techambu Project construction are intends to apply part of the funds to cover eligible payments under the Contract Identification mentioned below. Bidding is open to all eligible Nepalese Bidders.

| Contract Identification No. | Description | Estimate Amount (With Vat & Ps) NRs | Bid Security NRs | Bid Valid period (days) | Cost of Bid Document NRs | Last Date of Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| NCB/WORKS /PYRK/KDPKN -2/080/81 | Kerabari Dada Gaau Purne Dada Khanepani Nirman,Techambu | 1,39,43,318.37 | 4,20,000.0 | 90 day | 3000.00 | On or before 12:00 hrs. on Feb-06- 2024 | At Feb-06- 2024 on 13:00 hours. |

1. Eligible Bidders may obtain further information at the office of the Pathivara Yangwarak Rural Municipality, Thechambu Taplejung, Mob no: 9852660460, email on the email address pathivarayang@gmail.com : or may visit PPMO's e-GP system www.bolpatra.gov.np/egp.
2. Bidder should submit their bid electronically and may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below upon payment of a non-refundable fee of Nrs 3000.00 before 17.00 Hrs of 6th Feb, 2024 (22th-10-2080) and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Information to deposit the cost of bidding document in bank:**
   **Name of the Bank : Laxmi Sunrise Bank, Thechambu, Taplejung Branch**
   **Name of Office : Pathivara Yangwarak Rural Municipality Office, Thechambu, Taplejung**
   **Office Account no. : Dharauti 09203000167 (For the deposit of Bid Security Amount)**
   **Project Rajaswa Account No.: 09203000051 (For the cost of Bid Document)**
3. Electronic bids must be submitted to the office through PPMO website www.bolpatra.gov.np/egp. On or before above stated date and time. All bids must be accompanied by a Bid Security as specified in notice counting from the day of bid opening and must be accompanied by the bid bond authorized from the recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity periods. Bids will be opened in the presence of Bidders' representatives who choose to attend in person at the Office of the Pathivara Yangwarak Rural Municipality, Thechambu Taplejung, immediately after the submission deadline as stated on above table.
4. Information or data submitted by the bidder which is either incomplete or unclear or not substantiated by supporting documents shall not be considered for evaluation.
5. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
6. Other Related rules and regulation are as per updated Public Procurement Act – 2063 and updated Public Procurement Regulation 2064.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**
**Office of Rural Municipal Executive**
**Thechambu, Taplejung**


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: SOURCE MEDIA SOLUTION COMPANY FOR COMPUTER INTEGRATED SOLUTIONS
पूर्व स्वीकृत मिति: २०८०/०९/२० चलानी नं.: ६०२१२६२८ L.T. No.: 297581 शहर: KUWAIT

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sales | 2 | 2 | स. काममा दक्ष | 135 | ५८,३३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष २९ गते (14 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Zahra Human Resources Consultancy Private Limited**
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369
Mob.: 9818286358 | 9704414954
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com
Gov. Lic No.: 1657/080/081

## साउदीमा रोजगार ।

कम्पनी : RAWAFED AL-MUSTAQIL CONTRACTING EST. शहर :Riyadh
पुर्व स्वीकृत मिति: २०८०/०९/२० चलानी नं.: ६०२१२६१७ LT. No.:297601

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 50 | 0 | स. काममा दक्ष | 1000 | ३५४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुष २९ गते (14 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Believable Overseas Pvt.ltd.**
Maharajgunj , Chakrapath, Sallaghari, Kathmandu, Tel No: 01-4378500, 4378501
ईजाजत नं. १२८३/०७४/०७५

## कतारमा रोजगार ।

कम्पनी: COPACABANA शहर: Doha
पूर्व स्वीकृत मिति: २०८०/०९/२० चलानी नं.: ६०२१२६२९ L.T. No.: 297650

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Cook | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | waiter | 0 | 4 | | 1500 | ५४,६९० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० पुस २९ र माघ १ गते (14 & 15 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
